मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर
The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : ४९ ★ ने. सं. ११४६ चिल्ला गा, दशमी ★ शुक्रबार ★ २९ फागुन, २०८२ ★ March 13, 2026, Friday ★ मूल्य रु.५।– ★ पृष्ठ ८


## जनतालाई राजनैतिक रूपमा सचेत र सङ्गठित बनाउन सकेमात्र सभ्य समाजको परिकल्पना पूरा हुने




भक्तपुर, २८ फागुन । वागीश्वरी माध्यमिक विद्यालयको ६७ औं, वागीश्वरी कलेजको १८ औं र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको तेस्रो वार्षिकोत्सव विविध कार्यक्रम गरी बिहीबार सम्पन्न भयो ।

वार्षिकोत्सवको अवसरमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले वागीश्वरी स्मारिका, साहित्यिक सँगालो र विद्यालय गीत विमोचन गर्नुभयो । कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूले उत्कृष्ट शिक्षक, कर्मचारी र विद्यार्थीहरूलाई पुरस्कार, सम्मान तथा छात्रवृत्ति प्रदान गर्नुभयो ।

कार्यक्रमको उद्घाटन गर्दै अध्यक्ष बिजुक्छेँले विश्वविद्यालयहरू मुलुकको उच्च शिक्षाको आधार तय गर्ने महत्त्वपूर्ण निकाय भएको बताउँदै देशभक्त र इमानदार व्यक्तिहरू राजनीतिमा आउनुपर्ने बताउनुभयो ।

सत्तासीन दलले स्वच्छ राजनीति नगरेरै देशको राजनीतिमा उतारचढाव भइरहेको उल्लेख गर्दै उहाँले युवाहरू राजनीतिबाट टाढा बस्ने होइन, राजनीतिलाई सुधार्ने जिम्मेवारीका साथ अगाडि बढ्नुपर्छ भन्नुभयो ।

भक्तपुरलाई शैक्षिक गन्तव्यको रूपमा अगाडि बढाउन र समाजलाई शिक्षित बनाउने उद्देश्यले भक्तपुर नगरपालिकाले विभिन्न कलेजहरू सञ्चालनमा ल्याएको स्मरण गर्दै उहाँले जनतालाई राजनैतिक रूपमा सचेत र सङ्गठित बनाउन सकेमात्र सभ्य समाजको परिकल्पना पूरा हुने बताउनुभयो ।

निर्वाचनले जनताको चेतनास्तर स्पष्ट रूपमा प्रस्तुत गर्ने बताउँदै उहाँले निर्वाचनको समयमा हुने विदेशी र आर्थिक चलखेलबारे पनि जनता सजग हुनुपर्ने बताउनुभयो ।

नेपालमा विदेशीहरूको चलखेल व्यापक भइरहेको स्पष्ट पार्दै अध्यक्ष बिजुक्छेँले युवा विद्यार्थीहरूलाई विदेश पलायनबाट रोक्न सरकारले अब पनि ढिला गरे देशले ठुलो दुर्घटना व्यहोर्नुपर्ने अवस्था सिर्जना हुने खतरा औँल्याउनुभयो ।

कार्यक्रमका सभापति, वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०६४ सालमा स्थापना भएको वागीश्वरी कलेज क्यु.ए.ए. प्राप्त भक्तपुर जिल्लाकै पहिलो सामुदायिक कलेज भएको बताउनुभयो ।

देश बनाउने वा बिगार्नेमा बुद्धिजीवीहरूको महत्त्वपूर्ण भूमिका हुने धारणा राख्दै प्रमुख प्रजापतिले शिक्षित जनता राजनैतिक रूपमा सचेत र सङ्गठित भए मात्र देश सही दिशामा जाने बताउनुभयो ।


बाँकी पृष्ठ ८ मा


## युद्ध अन्त्यका लागि इरानका तीन सर्त

तेहरान, १२ मार्च (एएनआई) । इरानले अमेरिका र इजरायलसँग जारी युद्ध अन्त्य गर्न तीन प्रमुख शर्त अघि सारेको छ । युद्ध तेह्रौं दिनमा प्रवेश गरिरहँदा तेहरानले आफ्नो अधिकारको मान्यता, क्षतिपूर्ति र भविष्यमा आक्रमण नहुने अन्तर्राष्ट्रिय ग्यारेन्टी नभएसम्म सङ्घर्ष रोक्न नसकिने स्पष्ट पारेको छ ।

इरानी राष्ट्रपति मसुद पेजेस्कियानले सामाजिक सञ्जाल एक्समार्फत रुस र पाकिस्तानका नेतासँग भएको कुराकानीपछि आफ्नो देश शान्तिप्रति प्रतिबद्ध रहेको दोहोऱ्याउनुभएको छ । उहाँका अनुसार 'यहुदी शासन र अमेरिकाले भड्काएको' यो युद्ध अन्त्य गर्ने एक मात्र उपाय भनेको इरानका वैध अधिकारलाई अन्तर्राष्ट्रिय रूपमा स्वीकार गर्नु, युद्धबाट भएको क्षतिको क्षतिपूर्ति उपलब्ध गराउनु र भविष्यमा इरानमाथि आक्रमण नहुने कडा अन्तर्राष्ट्रिय ग्यारेन्टी दिनु हो ।

फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि संयुक्त आक्रमण गरेपछि युद्ध सुरु भएको थियो । सो आक्रमणमा इरानका सर्वोच्च नेता आयातोल्लाह सैयद अली खामेनी, उच्च सैन्य कमान्डरहरू तथा सर्वसाधारणको मृत्यु भएको थियो । त्यसपछि इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आईआरजीसी) ले इजरायलका विभिन्न स्थानलाई लक्षित गर्दै प्रतिआक्रमण सुरु गरेको घोषणा गरेको थियो ।

संयुक्त राष्ट्रसङ्घका लागि इरानका स्थायी प्रतिनिधि अमिर-सइद इरवानीका अनुसार फेब्रुअरी २८ यता अमेरिकी र इजरायली सैन्य कारबाहीका कारण महिला तथा बालबालिकासहित कम्तीमा एक हजार ३४८ सर्वसाधारणको मृत्यु भएको छ भने १७ हजारभन्दा बढी घाइते भएका छन् ।

यसैबिच संयुक्त राष्ट्र सुरक्षा परिषद्ले खाडी सहयोग परिषद् (जीसीसी) देशहरू र जोर्डनमाथि इरानले गरेको आक्रमणको निन्दा गर्दै प्रस्ताव पारित गरेको छ । १५ सदस्यीय परिषद्मा प्रस्तुत उक्त प्रस्ताव १३-० मतले पारित भएको थियो । प्रस्तावलाई बहराइनले नेतृत्व गरेको थियो र १३० भन्दा बढी देशले सह-प्रायोजन गरेका थिए, जसमा भारत पनि समावेश छ । चीन र रुस मतदानमा सहभागी भएनन् ।

प्रस्तावमा बहराइन, कुवेत, ओमान, कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स र जोर्डनमाथि इरानले गरेको आक्रमणलाई अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन भन्दै कडा शब्दमा निन्दा गरिएको छ । साथै होर्मुज जलडमरूमध्य बन्द गर्ने इरानी चेतावनीप्रति पनि गम्भीर चिन्ता व्यक्त गरिएको छ । तर, इजरायल र अमेरिकाले इरानमाथि आक्रमण सुरु गरेकोबारे उक्त प्रस्ताव मौन रहेको छ ।

यसै क्रममा इराकको सुरक्षा मिडिया सेलका प्रमुख साद मानका अनुसार इराकको तट नजिक दुई तेल ट्याङ्करमा आक्रमण भएको छ । उक्त घटनामा ३८ जना चालक दलका सदस्यलाई उद्धार गरिएको छ भने एक जनाको मृत्यु भएको पुष्टि गरिएको छ ।

उता इस्लामिक रिभोलुसनरी गार्ड्स कर्प्सले 'अपरेसन ट्रु प्रोमिस-४' को ४० औँ चरण सुरु भएको घोषणा गरेको छ । इरानको मेहर समाचार एजेन्सीका अनुसार यसअन्तर्गत अमेरिकी सैन्य आधार, तेल अभिव र हाइफा क्षेत्रमा विभिन्न मिसाइल प्रहार गरिएको छ । 'गदर', 'इमाद', 'खेबर शेकान' र 'फताह' नामका मिसाइलहरू प्रयोग गरिएको दाबी गरिएको छ ।

इरानले खाडी क्षेत्रका तेल ट्याङ्करहरूमा आक्रमण गरेको तथा होर्मुज जलडमरूमध्य बन्द गरेको घटनाले विश्व ऊर्जा आपूर्तिमा असर परेको छ । यसले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढाएको छ । न्युयोर्क टाइम्सका अनुसार इरानको प्रतिआक्रमणले पश्चिम एसियाभर रहेका कम्तीमा १७ अमेरिकी सैन्य आधार तथा अन्य संरचनामा क्षति पुऱ्याएको छ ।

## निगमले बजारमा आधा सिलिन्डर ग्यास पठाउने

काठमाडौँ, २८ फागुन । आयल निगमले शुक्रबारदेखि बजारमा आधा सिलिन्डरको दरमा खाना पकाउने एलपी ग्यास बजार पठाउने भएको छ ।

बजारमा ग्यास अभाव हुने देखिएपछि बिहीबार बसेको निगमको बैठकले यस्तो निर्णय गरेको हो ।

अर्को सूचना जारी नभएसम्मको लागि निगमले प्रतिसिलिन्डरमा ७.१ किलो एलपी ग्यास बिक्री हुने बताएको छ । उक्त परिमाणको ग्यासको मूल्य ९ सय ५५ रूपैयाँ तोकिएको छ ।

बिहीबारदेखि नै काठमाडौँको बालाजु औद्योगिक क्षेत्रमा एलपी (खाना पकाउने) ग्यास लिन जानेहरूको लामो लाइन देखिन थालेको छ ।

निगमले बजारमा ग्यास अभाव नरहेको बताउँदै आएपनि करिब दुई/तीन महिनादेखि नै सर्वसाधारणले ग्यासको लागि सङ्घर्ष गरिरहेका छन् । निगमले दुई/तीन महिनादेखि काठमाडौँ उपत्यकामा ग्यासको माग उच्चले बढेको र आवश्यकताभन्दा बढी ग्यास भण्डारण गर्ने प्रवृत्ति बढेको भन्दै यस्तो निर्णय गरेको पनि बताएको छ ।

यसैबिच भारतमा समेत ग्यासको अभाव देखिन थालेपछि यहाँको लाइन नै लाग्न थालेको हो ।

भारतीय सञ्चार माध्यमहरूले त्यहाँ केही दिनअघि नै घरेलु प्रयोगका एलपीजी सिलिन्डर रिफिल बुकिङ गर्न पाइने न्यूनतम अवधि २१ दिनबाट बढाएर २५ दिन पुऱ्याइएको उल्लेख गरेका थिए ।


बाँकी पृष्ठ ८ मा



प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं।

❖प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहिबार हुँदैछ।

❖मतदान बिहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ।


❖निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।

❖निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


व्यङ्ग्यचित्रको कुनो





**परम्परागत काठको मिलमा तोरी पेल्दै**

ललितपुरको खोकनामा करिब तीन सय वर्ष पुरानो परम्परागत काठको मिलमा तोरी पेल्दै कामदार । खोकना शुद्ध तोरीको तेल पाइने स्थानको रूपमा परिचित रहँदै आएको छ । *तस्विर : हरि जिज्ञासु/रासस*

# प्रतिनिधिसभामा सीमान्तकृतको कमजोर प्रतिनिधित्व

काठमाडौँ, २८ फागुन । प्रतिनिधिसभा सदस्यको निर्वाचनसँगै प्रत्यक्ष र समानुपातिकतर्फको नतिजा सार्वजनिक भएको छ ।

यस पटक सीमान्तकृत समुदायको उपस्थिति कमजोर देखिएको छ । प्रत्यक्षतर्फ १६५ मध्ये जम्मा १४ जना (८.४८ प्रतिशत) छ । आदिवासी जनजाति २६ (१५.७६ प्रतिशत), मधेसी २८ (१६.९७ प्रतिशत), थारू पाँच (३.३ प्रतिशत), मुस्लिम चार (२.४२ प्रतिशत) र दलित एक जना (०.६१ प्रतिशत) छन् ।

सीमान्तकृतभित्र पनि १३.४ प्रतिशत जनसङ्ख्या भएको दलित समुदायको प्रतिनिधित्व झन् कमजोर देखिन्छ । समानुपातिकमा दलहरूले पाएको मत हेर्दा दलित क्लष्टरमा रास्वपाबाट सात महिला, दुई पुरुष गरी नौ जना, काङ्ग्रेसबाट दुई महिला, एक पुरुष, एमालेबाट एक दलित महिला, नेकपाबाट एक दलित महिला गरी १४ जना आउने देखिन्छ । यो भनेको बढीमा पाँच प्रतिशत हो ।

अन्तरिम व्यवस्थापिका-२०६३ मा भने १८ (५.४७) जना दलितको सहभागिता थियो । विसं २०६४ को संविधानसभामा यो सङ्ख्या बढेर ५० (८.३२) पुग्यो । त्यसैगरी, २०७२ सालको संविधानसभामा ४० (६.६५), प्रतिनिधिसभा २०७४ सालमा २० (७.२७) र प्रतिनिधिसभा २०७९ मा १६ (५.८१) जना दलितको सहभागिता थियो । यो तथ्य हेर्दा प्रतिनिधिसभामा दलित समुदायको प्रतिनिधित्व घट्ने पक्का छ ।

नेपालको संविधान २०७२ ले पहिलोपटक दलित समुदायको सहभागिताको कुरा गरेको छ । संविधानको धारा ४० ले राज्यका सबै निकायमा दलितलाई समानुपातिक सामावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुने व्यवस्था गरेको छ । तर, यसको व्यावहारिक कार्यान्वन भएको देखिँदैन ।

दलित अधिकारकर्मी पदम सुन्दास भन्नुहुन्छ, “दलित सुमदायको प्रतिनिधित्व सुनिश्चित गर्न महिलाको ३३ प्रतिशत जस्तै दलितका लागि यसको जनसङ्ख्याका आधारमा संवैधानिक र कानुनी व्यवस्था हुनुपर्छ ।” ***रासस***

# पश्चिम एसियामा द्वन्द्व : उद्धार तथा आवश्यक सहायतालगायतका लागि विवरण दर्ताक्रम जारी

काठमाडौँ, २८ फागुन । पश्चिम एसियाको द्वन्द्वपछि परराष्ट्र मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागद्वारा सञ्चालनमा ल्याइएको अनलाइन दर्ता प्रणालीमा आजसम्म ६५ हजार ८८६ नेपाली नागरिकले आफ्नो विवरण दर्ता गर्नुभएको छ ।

त्यसरी दर्ता भएका विवरण अध्ययन गरी आवश्यकताअनुसार कारबाहीका लागि प्रक्रिया अगाडि बढाइएको मन्त्रालयले जनाएको छ । संयुक्त राज्य अमेरिका र इजरायलले इरानमा आक्रमण गरेपछि पश्चिम एसियामा द्वन्द्व चर्केको छ । त्यहाँबाट नेपाली नागरिकको उद्धार तथा आवश्यक सहायतालगायतका प्रयोजनका लागि विभागद्वारा उक्त अनलाइन पोर्टल यही फागुन १८ गतेदेखि सञ्चालनमा ल्याइएको हो ।

सो पोर्टलमा उक्त क्षेत्रमा रहेका नेपाली राजदूतावासमार्फत नेपाली नागरिकको विवरण सङ्कलन गर्ने कार्य भइरहेको विभागका महानिर्देशक दुपर्दा सापकोटाले जानकारी दिनुभयो ।

पश्चिम एसियामा रहेका नेपाली नागरिकको सुरक्षा, हित तथा कल्याणको सुनिश्चितताका लागि मन्त्रालय र त्यहाँस्थित नेपाली नियोग निरन्तर सक्रिय रहेका छन् । उक्त क्षेत्रमा रहेका नेपाली नियोगहरूले समस्यामा परेका नेपालीको उद्धार तथा सहायताका लागि निरन्तर समन्वय गरिरहेका मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिनुभयो ।

परराष्ट्र सचिव अमृतबहादुर राईको संयोजकत्वमा गठित ‘इमर्जेन्सी रेस्पोन्स टिम’ को बुधबार सम्पन्न दोस्रो बैठकको निर्णयअनुसार समस्यामा परेका नेपालीसँग इमेल, फोन वा अन्य उपयुक्त माध्यमबाट सम्पर्क गर्न, मनोबल बढाउन र उनीहरूको प्रतिक्रिया लिएर प्रतिवेदन गर्न पश्चिम एसियास्थित सबै नियोगलाई निर्देशन दिइएको उहाँले बताउनुभयो ।

पश्चिम एशिया क्षेत्रमा रहनुभएका सबै नेपाली नागरिकलाई संयमित, सचेत र सजग रहन कानुनविपरीत कुनै किसिमका फोटो, भिडियो तथा अडियो सामग्री रेकर्ड गर्ने र आदानप्रदान गर्ने कार्य नगर्नसमेत मन्त्रालयले अनुरोध गरेको छ ।

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई विश्वविद्यालयको रूपमा विकसित गरिने

वाग्मती, २८ फागुन । वाग्मती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेश सरकार अन्तर्गतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई विश्वविद्यालयको रूपमा विकास गरिने जानकारी दिनुभएको छ ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत हेटौँडा अस्पतालको थप २०० शय्याको (विशिष्टकृत सेवा) नवनिर्मित भवनको बिहीबार शुभारम्भ गर्दै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई निकट भविष्यमै विश्वविद्यालयको रूपमा विकास गर्ने कामको थालनी गरिसकेको बताउनुभयो ।

मुख्यमन्त्री बानियाँले भन्नुभयो, “मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना भएका विद्यार्थी प्रमाणपत्र लिने बेलासम्ममा मदन भण्डारी स्वास्थ्य विज्ञान विश्वविद्यालय भइसक्नेछ । त्यसका लागि प्रदेश सरकारले काम अघि बढाइसकेको छ, छिट्टै त्यसले पूर्णता पाउनेछ ।”

लोकतन्त्र गरिबको व्यवस्था भएकाले गरिबलाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले हेटौँडा अस्पतालमा जनशक्ति र भौतिक पूर्वाधारको अभाव हुन नदिने बताउनुभयो ।

चुनावको बेला राजनीति स्वभाविक भए पनि जनताको स्वास्थ्य र शिक्षाको क्षेत्रमा राजनीति हुन नहुने जिकिर गर्दै मुख्यमन्त्री बानियाँले स्वास्थ्य विज्ञान प्रतिष्ठानले हेटौँडा अस्पतालबाहेक प्रदेशको १३ वटै जिल्लाका अस्पतालमा पनि विशेषज्ञ सेवा दिने गरी काम गर्नुपर्ने बताउनुभयो ।

प्रतिष्ठानबाट उत्पादन हुने जनशक्तिले प्रदेशका सबै जिल्ला र पालिकास्तरमा रहेका अस्पतालहरूमा पनि स्वास्थ्य सेवा पुऱ्याउन सहयोगी हुने विश्वासव व्यक्त गर्दै उहाँले अब सिक्दै र सिकाउँदै गरी शिक्षा दिनुपर्ने औँल्याउनुभयो । स्वास्थ्य क्षेत्रमा सुधार गर्दै नागरिकलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन प्रदेश सरकार प्रयासरत रहेको बताउँदै मुख्यमन्त्री बानियाँले हेटौँडा अस्पतालमा यसअघि डाइलोसिस सेवाका लागि १४ वटा मेसिन जडान गरिएकोमा अहिले एकैपटक थप १६ वटा बढाएर ३० वटा पुऱ्याइएको बताउनुभयो ।

पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, प्रदेश सरकारका पूर्वस्वास्थ्यमन्त्री एकलाल श्रेष्ठलगायतले अस्पतालको भवन निर्माणसँगै अस्पतालको सेवा विस्तारमा सहजता ल्याउने विश्वास व्यक्त गर्नुभयो ।

सहरी विकास तथा भवन कार्यालय मकवानपुर हेटौँडाका प्रमुख इञ्जिनियर भूपेन्द्रकुमार यादवका अनुसार भ्याटसहित कूल रु. २६ करोड ६४ लाख २५ हजार २८० को लागतमा सो अस्पताल भवन निर्माण गरिएको हो ।

# सिँचाइ अभावले चैते धानखेती घट्दै

दोधारा चाँदनी (कञ्चनपुर), २८ फागुन । कञ्चनपुरमा चैते धानको खेती गर्ने किसानको सङ्ख्या बर्सेनि घट्दै गएको छ । कृषि ज्ञान केन्द्र कञ्चनपुर र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यालय कञ्चनपुरको तथ्याङ्कअनुसार चैते धान लगाउने किसानको सङ्ख्या हरेक वर्ष घट्दै गएको छ । यहाँ सिँचाइ सुविधा नहुँदा ४०० हेक्टरमा खेती हुने गरेको चैते धान अहिले डेढ सय हेक्टरमा मात्रै हुने गरेको छ ।

कृषि ज्ञान केन्द्र कञ्चनपुरका सहायक बाली विकास अधिकृत धर्मबहादुर साउँदले हाल कञ्चनपुरमा १५० हेक्टर क्षेत्रमा खेती हुने गरेको बताउनुभयो । साउँदले भन्नुभयो, “हामीले किसानलाई विभिन्न किसिमका कृषि उपकरण र सिँचाइका लागि बोरिङलगायतका सुविधा उपलब्ध गराउने गरेका छौँ । यसका लागि धेरै सिँचाइ आवश्यक हुन्छ, यहाँ सिँचाइ सुविधा उपलब्ध नहुँदा चैते धानखेती घट्दै गएको छ ।”

अधिकृत साउँदका अनुसार ज्ञान केन्द्रबाट किसानलाई ५० प्रतिशत अनुदानमा सिँचाइका लागि बोरिङ उपलब्ध गराउँदै आएको भए पनि त्यसले पर्याप्त रूपमा सिँचाइ हुन नसकेको बताउनुभयो । कृषि ज्ञान केन्द्र कञ्चनपुरले चैते धानखेती प्रवर्द्धन कार्यक्रमअन्तर्गत किसानलाई बीउ, मलखाद, सिँचाइ र जोत्ने उपकरण समेत सहयोग गर्दै आएको छ ।

अधिकृत साउँदले भन्नुभयो, “चैते धान अन्य धानभन्दा उत्पादन धेरै हुन्छ । किसानलाई यहाँबाट प्राविधिकको समेत सहयोग हुन्छ ।” चैते धान अन्य धानको तुलनामा बढी फल्ने भए पनि सिँचाइ अभावकै कारण खेती गर्न नसकिएको यहाँका किसानको गुनासो छ । “उत्पादन राम्रो हुन्छ धेरै पानी चाहिन्छ यहाँ सिँचाइका लागि पर्याप्त पानीको सुविधा छैन,” यहाँका किसान खुसीराम चौधरीले भन्नुभयो, “चैत-वैशाखमा महाकाली सिँचाइ नहरमा पानी उपलब्ध हुँदैन बोरिङको पानीले चैते धानलाई पुग्दैन ।”

सिँचाइकै कारण खेत बाँझो रहन थालेपछि चैत धान लगाउन छोडेको उहाँको भनाइ छ । एकातर्फ सिँचाइ अभाव र अर्कातर्फ छाडाचौपायाका कारण खेती गर्न निकै समस्या हुने गरेको यहाँका अर्का किसान पल्लवराज जोशी बताउँछन् । उहाँले भन्नुभयो, “सिँचाइको व्यवस्था भइदिए हाम्रो लागि उपयुक्त त चैते धान नै हो । चैते धानलाई पानीको आवश्यकता भएको समयमा यहाँ खडेरी हुन्छ ।”

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धान जोन कार्यालयले पनि कञ्चनपुरमा लक्ष्य अनुसारको धानखेती हुन नसकेको जनाएको छ । कञ्चनपुरमा कुल खेतीयोग्य जमिन एक लाख ६१ हजार ७४१ हेक्टर रहेको छ । जसमध्ये ५९ हजार ६०२ हेक्टर अर्थात् ३६ प्रतिशत जमिनमा खेती हुने गरेको छ । यसको २९ प्रतिशत क्षेत्रफलमा मात्रै सिँचाइ सुविधा उपलब्ध हुने गरेको छ । कञ्चनपुरमा ४८ हजार ६०० हेक्टरमा धानखेती हुने गरेको छ ।

कञ्चनपुरमा हाल महाकाली सिँचाइ आयोजना पहिलो र दोस्रो चरणबाट ११ हजार ६०० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध छ । विसं २०४२ मा सुरु भई २०४८ मा सम्पन्न भएको महाकाली सिँचाइ पहिलो चरणबाट चार हजार ८०० हेक्टर र २०५२ मा सम्पन्न भएको दोस्रो चरणबाट ६ हजार ८०० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ । पहिलो र दोस्रो चरणको सिँचाइबाट यहाँको भीमदत्त, बेदकोट नगरपालिका र बेलडाँडी गाउँपालिकासम्म सिँचाइ सुविधा उपलब्ध छ । ***रासस***

# सुदूरपश्चिममा ४१ हजार मत बदर

महेन्द्रनगर, २८ फागुन । यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सुदूरपश्चिम प्रदेशमा ४१ हजार ६२४ मत बदर भएको छ ।

सुदूरपश्चिम प्रदेश निर्वाचन कार्यालय धनगढीका अनुसार यहाँका १६ वटै निर्वाचन क्षेत्रमा गरी कुल खसेको मतको ४.७१ प्रतिशत मत बदर भएको छ । प्रदेश निर्वाचन कार्यालय धनगढीका सूचना अधिकारी दिलीप भाटले १७ लाख २९ हजार ४५० मतदाता रहेको सुदूरपश्चिममा आठ लाख ८४ १७७ मत खसेको थियो । जसमा ४१ हजार ६२४ मत बदर भएको छ । पाँचवटा निर्वाचन क्षेत्र रहेको कैलाली क्षेत्र नं १ मा ५९ हजार ३११ मत खसेकामा तीन हजार २५८ मत बदर भएको छ ।

त्यसैगरी, कैलाली-२ मा ५६ हजार ९६७ मत खसेकामा दुई हजार ६४६ मत बदर भएको सूचना अधिकारी भाटले बताउनुभयो । त्यसैगरी, ६० हजार ३३२ मत खसेको कैलाली-३ मा दुई हजार ९१३ मत बदर भएको छ भने कैलाली-४ मा दुई हजार ९०७ मत बदर भएको छ । यहाँ कुल ६३ हजार ११७ मत खसेको थियो । कैलाली-५ मा ६६ हजार २९५ मत खसेकामा दुई हजार ८०७ मत बदर भएको छ ।

त्यसैगरी, तीन निर्वाचन क्षेत्र रहेको कञ्चनपुर निर्वाचन क्षेत्र नं १ मा ६१ हजार ३६७ मत खसेकामा तीन हजार २३४ बदर भएको छ भने यहाँको निर्वाचन क्षेत्र नं २ मा तीन हजार ४३० मत बदर भएको छ । यहाँ कुल ६६ हजार ५४ मत खसेको थियो । त्यसैगरी, कञ्चनपुर-३ मा ५८ हजार ५४३ मत खसेकामा तीन हजार ३९९ मत बदर भएको छ ।

त्यसैगरी, दुईवटा निर्वाचन क्षेत्र रहेको अछाममा निर्वाचन क्षेत्र नं १ मा एक हजार ११९ मत बदर भएको छ । यहाँ कुल ३२ हजार २४३ मत खसेको थियो भने अछाम-२ मा ३२ हजार ६५० मत खसेकामा एक हजार ५३१ मत बदर भएको छ । एउटा निर्वाचन क्षेत्र रहेको बाजुरामा कुल ४५ हजार ६६९ मत खसेकामा एक हजार २०० मत बदर भएको छ भने डोटीमा ५२ हजार ९०६ मत खसेकामा दुई हजार ४६९ मत बदर भएको प्रदेश निर्वाचन कार्यालय धनगढीले जनाएको छ ।

दार्चुलामा एक हजार ६०८ मत बदर भएको छ । यहाँ कुल ५० हजार ९३० मत खसेको थियो भने बैतडीमा ७२ हजार ३०८ मत खसेको थियो । यहाँ चार हजार १२६ मत बदर भएको छ । यसैगरी, डडेल्धुरामा २६ हजार २११ मत खसेकामा दुई हजार २५ मत बदर भएको छ ।

सुदूरपश्चिममा ५१.१२ प्रतिशत मतदान भएकामा ९५.२९ प्रतिशत सदर र ४.७१ प्रतिशत मत बदर भएको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ । ***रासस***

## सङ्क्षिप्त समाचार

### विदेशमा पठाइदिने भन्दै पच्चीस लाख ठगेको अभियोगमा पक्राउ

काठमाडौँ, २८ फागुन । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी ग्रीस पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा एक जना पक्राउ परेका छन् । मोरङको पथरी शनिश्चरे नगरपालिका-३ स्थायी बासिन्दा २२ वर्षीय सम्योग राईलाई ग्रीस पठाइदिन्छु भन्दै तीन जना पीडितबाट रु. २५ लाख लिई सम्पर्कविहीन भएको उजुरीका आधारमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयबाट परिचालन भएको प्रहरीले उनलाई ललितपुर महानगरपालिका-१३ बाट पक्राउ गरेको केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ । ***रासस***

### पश्चिम एसिया सङ्कट आपत्कालीन प्रतिकार्य टोलीको बैठक

काठमाडौँ, २८ फागुन । परराष्ट्र सचिव अमृतबहादुर राईको संयोजकत्वमा गठित आपत्कालीन प्रतिकार्य टोलीको दोस्रो बैठक बुधबार परराष्ट्र मन्त्रालयमा सम्पन्न भएको छ । बैठकमा पश्चिम एसियाली मुलुकमा रहेका नेपाली नागरिकको सुरक्षा र हित संरक्षणका खातिर सरकारका तर्फबाट हालसम्म भएका प्रयास तथा प्रगतिबारे समीक्षा भएको थियो ।

परराष्ट्र मन्त्रालयका अनुसार बैठकमा नेपालीको सुरक्षा सुनिश्चित गर्न आवश्यक समन्वय र पहललाई निरन्तरता दिने, हवाई उडान सञ्चालनको सम्भावनाबारे अध्ययन गर्ने, आपत्कालीन नियन्त्रणकक्ष नेपालका नियोगसँग सम्पर्कमा आएकाहरूलाई सहयोग गर्ने निर्णय भएको छ ।

यही फागुन २१ गते अमेरिका र इजरायलले इरानविरुद्ध संयुक्त रूपमा हवाई हमला गरेपछि पश्चिम एसियाली मुलुकमा तनाव बढेको छ । रोजगारीका सिलसिलामा ती मुलुकमा धेरै नेपाली छन् । ***रासस***

### लागुऔषधसहित तेह्र जना पक्राउ

काठमाडौँ, २८ फागुन । देशका विभिन्न भागमा प्रहरीले गरेको नियमित गस्तीका क्रममा लागुऔषधसहित १३ जना पक्राउ परेका छन् ।

केन्द्रीय प्रहरीकक्षका अनुसार काठमाडौँ, झापा, रूपन्देही, सुनसरी र कञ्चनपुरबाट उनीहरूलाई पक्राउ गरिएको हो ।

अभियुक्तहरूबाट गाँजा, खैरो हिरोइन र चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने औषधि प्रहरीले बरामद गरेको छ ।

### चितवन कारागारबाट भागेका एक सय कैदीबन्दी अझै फर्किएनन्

चितवन, २८ फागुन । जिल्ला कारागार कार्यालय चितवनबाट भागेका कैदीबन्दीमध्ये एक सय जना अझै फर्किएका छैनन् । ती मध्ये ११ जना भारतीय नागरिक छन् ।

यस कारागारबाट भदौ २४ गते चार जना नाबालकसहित ७४३ जना कैदीबन्दी भागेका थिए । तीमध्ये ६४३ जना फर्किसकेका छन् । कतिपय आफैँ फर्किएका हुन् भने केहीलाई प्रहरीले पक्राउ गरी ल्याएको हो । कार्यालय प्रमुख रवीन्द्रप्रसाद ढुङ्गानाका अनुसार गम्भीर प्रकृतिका कैदीबन्दीसमेत फरार हुँदा समुदायमा आपराधिक घटना हुनसक्ने चिन्ता छ ।

कारागार कार्यालयले गत असोज २० गतेसम्म कारागार कार्यालयको सम्पर्कमा आउनका लागि आग्रह गरेको थियो । कारागारले तोकेको समयसम्म सम्पर्कमा नआएमा कारागार ऐन २०७९ र प्रचलित कानुनअनुसार कारबाही गरिने जनाएको थियो । फरार कैदीबन्दीलाई लुकाउने, आश्रय दिने गरेको पाइएमा आश्रय दिने व्यक्तिलाई समेत कसुरदार ठानी कारबाही गरिने छ ।

हाल कारागारमा ३८ जना महिलासहित ६८५ जना कैदीबन्दी छन् ।

### कोसी प्रदेशमा एक लाख ३१ हजार मत बदर

मोरङ, २८ फागुन । कोसी प्रदेशमा यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा एक लाख ३० हजार ८४७ मत बदर भएको छ । प्रदेश निर्वाचन कार्यालय विराटनगरले दिएको जानकारीअनुसार उक्त निर्वाचनमा प्रदेशका १४ जिल्लाको २८ निर्वाचन क्षेत्रमा २० लाख ८४ हजार २१९ मत खसेको मध्ये १९ लाख ५३ हजार ३७२ मत सदर भएको थियो । निर्वाचनमा ताप्लेजुङमा दुई हजार ६८६, पाँचथरमा तीन हजार ८९७, इलाम-१ मा चार हजार ५६६, इलाम-२ तीन हजार ८९५, झापा-१ चार हजार २६९, झापा-२ चार हजार ४६९, झापा-३ पाँच हजार ६२९, झापा-४ चार हजार ७६८ र झापा- ५ चार हजार २१९ मत बदर भएको छ ।

यसैगरी, सङ्खुवासभामा तीन हजार ७८०, तेह्रथुममा एक हजार ९०९, भोजपुरमा तीन हजार ८७१ र धनकुटामा चार हजार ८८३ मत बदर भएको छ । यसैगरी, मोरङ-१ मा चार हजार ८३७, मोरङ-२ मा छ हजार ५०, मोरङ-३ मा छ हजार ८२७, मोरङ-४ मा पाँच हजार २५६, मोरङ-५ मा सात हजार ८८९ र मोरङ-६ मा पाँच हजार ६४४ मत बदर भएको कार्यालयले जनाएको छ ।

यसैगरी, सुनसरी-१ मा चार हजार ४८९, सुनसरी-२ मा छ हजार २२९, सुनसरी-३ मा पाँच हजार ६११, सुनसरी-४ मा छ हजार ६७४, सोलुखुम्बुमा एक हजार ९९०, खोटाङमा तीन हजार ९२८, ओखलढुङ्गामा तीन हजार ३५६, उदयपुर-१ मा पाँच हजार ५४७ र उदयपुर-२ मा तीन हजार ६७३ मत बदर भएको छ ।

सबैभन्दा बढी मत बदर मोरङको क्षेत्र नं ५ मा १० दशमलव ०६ र सबै कम झापा क्षेत्र नं ५ मा तीन दशमलव ९६ प्रतिशत रहेको छ । ***रासस***



**बाँसको फड्केमा जोखिमपूर्ण यात्रा**

रुपन्देहीको सम्मरीमाई गाउँपालिका-३ स्थित दानव नदीमा बाँसको अस्थायी पुल (फड्के) को सहारामा जोखिम मोलेर मोटरसाइकल तार्दै एक सर्वसाधारण । पक्की पुलको अभावमा स्थानीय बासिन्दा यसरी नै जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । *तस्बिर : राधेश्याम विश्वकर्मा/रासस*

# पुल नहुँदा जोखिमपूर्ण यात्रा बाँसको पुलमै निर्भर मर्चवारका बासिन्दा

भैरहवा (रूपन्देही), २८ फागुन । रूपन्देहीको मर्चवार क्षेत्रमा सम्मरीमाई गाउँपालिका-३ मा पर्ने भभइ-भटौलिया आसपासका बासिन्दा अझै पनि जोखिमपूर्ण आवतजावत गर्न बाध्य छन् । दानव नदीमाथि पक्की पुल नहुँदा स्थानीयले काठको अस्थायी डुङ्गा र बाँसको पुलको सहारामा दैनिक यात्रा गर्नुपर्ने अवस्था छ ।

लुम्बिनी सांस्कृतिक नगरपालिका-१२ भभइका स्थानीय कोइल लोधका अनुसार नदीको यस वारि भटौलिया र पारी भभइ पर्छ । अहिले दुबे थुम्हवाका एक स्थानीय मल्लाहले बाँसको अस्थायी पुल बनाएर मानिसलाई नदी पार गराइरहेका छन् ।

उहाँले भन्नुभयो, “उहाँले धेरै दुखजिलो गरेर पुल बनाउनुहुन्छ । यसले उहाँको रोजीरोटी पनि चलेको छ र हामीलाई पनि आउजाउ गर्न सजिलो भएको छ । तर, यहाँ पक्की पुल नहुँदा जहिले पनि जोखिम हुन्छ । पुल टुटने डरले मानिस घाइते हुन सक्छन्, सवारी साधनको पनि क्षति हुन सक्छ ।”

उहाँका अनुसार यो बाटो अमहवादेखि बन्जरी चोकसम्म जोडिने महत्त्वपूर्ण मार्ग हो । मर्चवारबाट सिधैँ कक्रहवा, लुम्बिनीहुँदै नेपाल-भारत सीमासम्म पुग्नका लागि पनि यही बाटो प्रयोग हुने भएकाले यहाँ पुल निर्माण अत्यन्त आवश्यक रहेको स्थानीयको माग छ ।

भभइकै अर्का स्थानीय धर्मेन्द्र लोधले पुल नहुँदा वर्षायाममा समस्या झन् बढ्ने बताउनुहुन्छ । अहिले नदीमाथि बाँसको अस्थायी पुल बनाइए पनि वर्षा सुरु भएपछि त्यो पनि प्रयोग गर्न नसकिने अवस्था हुने गरेको उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, “अहिले त अलिअलि सुविधा छ, तर वर्षा लागेपछि हामी पानीमा हेलिएर हिँड्नुपर्छ । यदि यहाँ पक्की पुल भइदिएको भए वर्षातमा पनि सहज रूपमा आवतजावत गर्न सकिन्थ्यो । पुल नहुँदा कहिले अजमा, दुईमुहान त कहिले बर्डर हुँदै घुमेर जानुपर्छ ।”

स्थानीय कुमार लोधका अनुसार नदीको दुवैतर्फ बसोबास गर्ने किसानको खेतीपाती पनि नदीपारि भएकाले आवतजावत झन् कठिन बनेको छ ।

उहाँले भन्नुभयो, “यस पारिका मानिसहरूको खेत उता छ भने उता बस्नेको खेतयता छ । बाढी आउँदा त कोही पनि आउनजान सक्दैनन् । त्यसैले यहाँ पक्की पुल अत्यन्त आवश्यक छ ।”

स्थानीयको सहयोगमा नदीमाथि बाँसको अस्थायी पुल बनाउने काम एक मल्लाह परिवारले गर्दै आएको छ । पुल निर्माणका लागि उनीहरूले झण्डै एक महिना अघि नै बाँस काटेर जम्मा गर्ने र करिब १५ दिन लगाएर पुल तयार गर्ने गर्छन् । तयार भएको पुल कुर्न बासमति मल्लाह दिनभरि घाटमै बस्नुहुन्छ । परिवारका तीन जनाले मिलेर पुल बनाएका बासमतीले दिनको कहिले १००, कहिले १५० त कहिले २०० रूपैयाँसम्म आम्दानी हुने गरेको बताउनुहुन्छ । बाटो हिँड्नेले गच्छे अनुसार ५, १० वा २० रूपैयाँसम्म ‘मल्लाही’ तिर्छन् । बासमतीले भन्नुभयो, “यही घाटको आम्दानीबाट नून-तेल र घरखर्च चल्छ । हामीसँग आफ्नै खेतीपाती छैन ।

यही घाट हाम्रो मुख्य आम्दानीको स्रोत हो । उहाँले स्थानीयहरूले नगदमै केही रकम दिए पनि स्थानीयको हकमा भने धान, चामल, गहुँ लगायतको जिन्सी (जिउका) लिने गरेको बताउनुभयो । जिउका बापत चार देखि १० पाथीसम्म प्रतिघर अन्न पाउने गरेको उहाँको भनाइ छ ।

वरपरका १०-१२ गाउँका करिब एक हजार घरधुरीका मानिस यही बाटो प्रयोग गर्ने भएकाले यहाँ पक्की पुल निर्माण गर्न स्थानीयले वर्षौँदेखि सरकारसँग माग गर्दै आएका छन् । स्थानीयवासीका अनुसार बाँसको पुलले अहिलेसम्म यात्रालाई सम्भव बनाएको भए पनि स्थायी समाधानका लागि अब पक्की पुल निर्माण अपरिहार्य भएको छ । ***रासस***

## काभ्रेमा नौ ‘आपराधिक उपद्रव’ विरुद्ध अभियोग दर्ता

काभ्रेपलाञ्चोक २८ फागुन । काभ्रे जिल्ला अदालतमा नौ ‘आपराधिक उपद्रव’ सम्बन्धी अभियोग मुद्दा दर्ता भएका छन् । जिल्ला प्रहरी कार्यालय धुलिखेलमा दर्ता भएका ती मुद्दा जिल्ला सरकारी वकिलको कार्यालयमार्फत अदालतमा दर्ता भएका हुन् ।

गत भदौ २३ र २४ गते भएको आन्दोलनमा संलग्न भएका विरुद्ध परेको किटानी जाहेरीका आधारमा प्रहरीले निरन्तर अनुसन्धान गरी नौ मुद्दा दर्ता गरेको जनाइएको छ । यसअघि इलाका प्रहरी कार्यालय बनेपा, प्रहरी चौकी पाँचखाल र पनौती नगरपालिका ३ कुशादेवीस्थित गोपी थापाले दर्ता गरेको आपाराधिक उपद्रवविरुद्धको अभियोग दर्ता भएको थियो भने पछिल्ला महिनामा छ मुद्दा प्रहरीमा दर्ता गरिएका थिए । जिल्लास्थित सहायक जिल्ला न्यायाधिवक्ता निष्ठा कर्माचार्यका अनुसार पनौतीका तत्कालीन नेपाली काङ्ग्रेसका केन्दीय सदस्य शिवप्रसाद हुमागाईं, पनौती नगर उपप्रमुख गीता बञ्जारा, पनौती नगर पूर्वप्रमुख भीम न्यौपाने तथा उहाँको छोरा दीपक न्यौपाने र २ नं वडाका अध्यक्ष पुरुषोतम अधिकारी तथा धुलिखेलका तत्कालीन नगरप्रमुख अशोक ब्याञ्जूलगायतले दिएको जाहेरीका आधारमा दर्जनौँ व्यक्तिविरुद्ध आपराधिक उपद्रव मुद्दा दर्ता गरिएको हो ।

हुमागाईंको जाहेरीमा ६ जनाविरुद्ध, अधिकारीले १४ जनाविरुद्ध, जाहेरीमा ११ जनाविरुद्ध, न्यौपानेद्वयले २०/२० जनाविरुद्ध किटानी जाहेरी दिएका थिए । यस्तै नगरप्रमुख रामशरण भण्डारीले दिएको जाहेरी भने तामेलीमा राखिएको जनाइएको छ । यसअघि आरोप लागी पक्राउ गरिएका अधिकांश धरौटीमा छुटेका छन् । निर्वाचनअघि सरकारले परिपत्र गरेपछि हिरासतमा रहेकलाई धरौटीमा रिहा गरिएको जिल्ला प्रहरी कार्यालय जनाएको छ ।

पूर्व नगरप्रमुख न्यौपानेले गत भदौ २४ गते घरमा भएको आगलागीका कारण रु. ९४ लाख ९३ हजार ५१० क्षति भएको जाहेरीमा उल्लेख गर्नुभएको छ । यस्तै दीपक न्यौपानेको जाहेरीमा रु. ६० लाख ६२ हजार २८५, बञ्जाराको जाहेरीमा रु. ८४ लाख १३ हजार क्षति भएको उल्लेख गरिएको छ । त्यस्तै, अधिकारीले रु. ६ लाख ५६ हजार, हुमागाईंको रु. ३६ लाख ७४ हजारको क्षति भएको उल्लेख छ ।

यसैगरी ब्याञ्जूको किटानी जाहेरीमा करिब रु. ६० लाख क्षति भएको उल्लेख गरिएको छ । किटानी जाहेरी दर्ता गर्नेले आफ्नो घरमा आगजनी, तोडफोड तथा लुटपाट गरिएको उल्लेख गरेका छन् । जिल्ला प्रहरी प्रमुख कोमल शाहले दर्ता भएका मुद्दामा संलग्न भएकाको खोजीकार्य एवं थप अनुसन्धान भइरहेको बताउनुभयो ।

## यस वर्ष आँपमा राम्रो मञ्जरी उत्पादन बढ्ने अपेक्षा

सिरहा, २८ फागुन । यहाँको धनगढीमाई नगरपालिका–१३, ढुङ्गा टोलका आँपका बगैँचा यतिबेला ढकमक्क मञ्जरीले भरिएका छन् । अघिल्लो वर्षको तुलनामा यस वर्ष आँपका बोटमा प्रशस्त मञ्जरी लागेकाले स्थानीय किसान उत्पादन बढ्ने अपेक्षामा छन् ।

धनगढीजस्तै जिल्लामा करिब पाँच हजार हेक्टर क्षेत्रफलमा आँपखेती भइरहेको छ । अधिकांश बोटमा राम्रो मञ्जरी लागेकाले यस वर्ष उत्पादन बढ्ने अनुमान गरिएको कृषि ज्ञान केन्द्र सिरहाले जनाएको छ ।

कृषि ज्ञान केन्द्र प्रमुख नरेन्द्र महासेठका अनुसार आँप प्रायः एक वर्ष विराएर फल्ने भएकाले यसवर्ष फल्ने चक्रमा परेकाले बोटमा अत्यधिक मञ्जरी लागेको हो । “आँपका बोटमा राम्रो मञ्जरी देखिएको छ । यस वर्ष उत्पादन बढ्ने सङ्केत गरेको छ । मञ्जरी जोगाउन किसानलाई प्राविधिक सहयोग उपलब्ध गराइरहेका छौँ,” उहाँले भन्नुभयो ।

उहाँका अनुसार मञ्जरी जोगाउन किसानले एकपटक औषधि छरिसकेका छन् भने चिचिला लागेपछि फेरि औषधि छर्ने तयारी गरिरहेका छन् । जिल्लाका १७ वटै पालिकाका कृषि शाखासँग समन्वय गरेर किसानलाई आवश्यक प्राविधिक सहयोग प्रदान गरिँदै आएको उहाँले बताउनुभयो ।

सिरहामा पूर्व-पश्चिम राजमार्गको उत्तरतर्फ पर्ने मिर्चैया, गोलबजार, धनगढीमाई र लहान नगरपालिकामा आँपखेती हुने गरेको छ । आँप खेतीबाट राम्रो आम्दानी हुने भएकाले किसान पछिल्लो समय यसतर्फ आकर्षित हुँदै गएका छन् ।

धनगढीमाई नगरपालिका- १३ का किसान रामनारायण यादवले यसवर्ष आँपबाट राम्रो उत्पादन हुने अपेक्षा रहेको बताउनुभयो । उहाँले भन्नुभयो, “बगैँचामा यसवर्ष धेरै मञ्जरी लागेको छ । समय-समयमा औषधि छर्ने र बोटको स्याहार-सम्भार गर्ने काम गरिरहेका छौँ । मौसम अनुकूल रहे राम्रो उत्पादन हुने आशा छ ।”

अहिलेसम्म वर्षा नभएकाले आँपमा मधुवा रोग नदेखिएको स्थानीय कृषि प्राविधिकले बताएका छन् । यसवर्ष आँप ‘ब्रान्डिङ’ गरी बाहिरी बजारमा पठाउने तथा बजार व्यवस्थापनका लागि कृषि ज्ञान केन्द्रले तयारी गरिरहेको जनाएको छ । ***रासस***

। सम्पादकीय ।

# शासकहरू इमानदार, देशभक्त र दूरदर्शी हुनुपर्छ

जनता राजनीतिक रूपले सचेत र सङ्गठित नभएसम्म निर्वाचनमा दलले पाउने मतमा हेरफेर भइरहनेछ, हेरफेर भइरहेको छ । विभिन्न भाषा, धर्म, जातजाति र रीतिथितिमा विभाजित समाज भएकोले हरेकजसोको निर्वाचनमा दलले पाउने मतमा हेरफेर भइरहेको यथार्थ हो । जनता अशिक्षित र लोभलालचमा फस्ने भएकाले यो समस्या देखिएको हो । एक समय माओवादी ठुलो दल बनेकै हो । नेका पनि ठुलो बनेकै हो । नेकपा एमालेले त झन्डै दुईतिहाइ मत प्राप्त गरेको थियो । तर, दलले प्राप्त गरेको त्यो मत स्थायी भएन । फागुन २१ गतेको निर्वाचनमा पहिलेका ठुला दलहरूको मत धेरै घट्यो र सो मत रास्वपाले लियो । बहुमत प्राप्त दल रास्वपाले देश जोगाउन र बनाउन के-कस्तो नीति तयार गर्ने हो, त्यो महत्त्वपूर्ण पक्ष हो ।

ठुलो बन्नु नै दलको सच्चाइ होइन । पञ्चायती व्यवस्था पहिले बलियो थियो । तर, त्यो पनि टिकेन । शासक दलका नेता, मन्त्री र सांसदहरू इमानदार, दूरदर्शी भएनन् भने देशमा फेरि अनेक काण्डका प्रकरण दोहोरिन सक्छ; बेथिति बढ्न सक्छ । संसद्मा इमानदार सांसदहरूको कमी भएकै कारण यसअघि मन्त्री र सांसदहरू अनेक काण्डमा फसेका थिए । गएको निर्वाचनमा धनुषा १ बाट निर्वाचित सांसद किशोरी साह कालोसूचीमा परेको कारण सांसद पद खारेज गरियो । रास्वपाका अर्का निर्वाचित सांसद सूर्यबहादुर तामाङ कर्जा सूचना केन्दको कालोसूचीमा परेको समाचार सञ्चारमाध्यममा आएको छ । उनी मकालु कान्जिरूवा अटोलिङ्क प्रा.लि.को चेक बाउन्स प्रकरणमा मुछिएको जानकारी प्रकाशमा आएको हो । त्यस्तै सिन्धुली १ मा निर्वाचित रास्वपाका सांसद धनेन्द्र कार्की पनि कालोसूचीमा परेको खबर सञ्चारमाध्यममा आयो । जनताको बचत फिर्ता नगरेका कारण उनी कालोसूचीमा परेका थिए । एक कानुनविज्ञले त हाल निर्वाचित सांसदहरूमा भ्रष्टाचार प्रकरणमा मुछेका एक दर्जनभन्दा बढी सांसदहरू हुने अनुमान गरे ।

भदौ २३ र २४ गतेको आगजन्य प्रकरणमा अमेरिका र भारतको हात हुनसक्ने विश्लेषण त्यसबेला नै गरिएको थियो । उनीहरूको मिलेमतो या साथबिना त्यस्तो आगजन्य कार्य अरू कसैले गर्नै सक्दैन भन्ने राजनीतिक विश्लेषकहरूको भनाइ हो । कतै फागुन २१ गतेको निर्वाचनमा पनि विदेशी शक्ति राष्ट्रहरूको प्रत्यक्ष या अप्रत्यक्ष हात छैन ? आशङ्का गरिएको छ । कुनै पनि सरकारले विदेशी हस्तक्षेपलाई समर्थन गर्नुहुँदैन; विदेशी हस्तक्षेप हुने सन्धि-सम्झौता गर्नुहुँदैन । विदेशी हस्तक्षेप बढ्दै गयो भने देशको स्वाधीनता र सार्वभौसत्तामा असर पर्छ । यसको असर तत्काल नदेखिए पनि त्यसले दूरगामी असर पुर्‍याउनेछ । शासकहरू लोभलालच या पैसा र विकासमा भुलेर अवसरवादी भएकाले धेरै पटक चुके, धेरै पटक चुकेर सरकारले असमान सन्धि-सम्झौता गर्‍यो । शासकहरू सचेत या दूरदर्शी भएनन् भने फेरि फस्ने सम्भावना हुन्छ । पछिको विचार पुर्‍याएर काम नगरेकोले देश पराधीन बनेको हो; देशको अर्थतन्त्र कमजोर भएको हो; देशले जनताको लागि आधारभूत आवश्यकता पूर्ति गर्न नसकेको हो ।

अत: शासकहरू इमानदार, देशभक्त, दूरदर्शी हुनुपर्छ । विदेशी सेना घुस्ने, पस्ने खालको कुनै सन्धि-सम्झौता गर्नुहुँदैन । स्वदेशमा रोजगारी सिर्जना नगर्दा युवाहरू विदेश गई कमाएर पठाएको रेमिटेन्सले मुलुकको अर्थतन्त्र भरथेग गर्नुपर्ने बाध्यता देशको प्रगतिको सूचक होइन । अहिले ग्यासको अभाव देखिएको छ । इरानमा भएको आक्रमणले पेट्रोलियम पदार्थमा मूल्यवृद्धि हुने र ग्यास आपूर्तिमा अझ सङ्कट बढ्ने देखिन्छ । नेपाल आयल निगमले सकेसम्म ग्यास सिलिन्डर प्रयोग नगर्न आग्रह गरेको छ । ग्यास सिलिन्डरको अभाव भएकोले इन्धन खपत कम गरी विद्युतीय सेवा उपयोग गर्न आग्रह गरिएको छ । हाल ग्यास र पेट्रोलियम पदार्थ आपूर्तिमा सहज भइरहेको छैन । यसबारे सरकार गम्भीर हुनुपर्ने देखिन्छ ।

# प्रजातन्त्र सत्तामा बस्ने पार्टीहरूको मनपरीतन्त्र होइन

✍ **विगोल**

निर्वाचन पनि एक प्रकारको जनमतसङ्ग्रह हो । निर्वाचन अभियान स्वयम् वैचारिक एवम् राजनीतिक कक्षा सञ्चालन हो । निर्वाचनको बेला नेपाल मजदुर किसान पार्टीले जनतालाई पुँजीवादको खराबी र समाजवादको अपरिहार्यताबारे सचेत पार्ने काम गर्‍यो । यसकारण, नेमकिपाले निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटर भन्दै आएको हो; खराबलाई फाल्ने र असललाई तिखार्ने वा सचेत र सङ्गठित बनाउने अवसरको रूपमा निर्वाचनलाई उपयोग गर्दै आएको हो । वर्गीय राजनीतिबाट सैद्धान्तिक र व्यावहारिक ज्ञानको विकासको साथै कार्यकर्ताहरू शिक्षित र चनाखो हुनेछन् । कार्यकर्ताहरू योग्य, इमानदार, देशभक्त र क्रान्तिकारी होस् भन्ने नेमकिपाको चाहना हो । कार्यकर्ताहरू हर किसिमले दु:ख, कष्ट र आँधीबेहरीसँग जुध्न सक्ने तथा गाउँ र नगरका जनताको नि:स्वार्थ रूपले सेवा गर्ने र देश र जनताप्रति समर्पित हुनुपर्छ भन्ने धारणा नेमकिपाको हो ।

नेमकिपा व्यापक जनताको हितको निम्ति सङ्घर्षरत पार्टी हो । आमूल परिवर्तन भएपछि मात्र श्रमजीवी जनताको हित हुन्छ भन्ने पार्टीको धारणा हो । नेपाली भूमि जोगाउन, अतिक्रमित भूमि फिर्ता लिन सङ्घर्षरत नेमकिपाले भारतीय र अमेरिकी हस्तक्षेप, आक्रमण र दबाबको विरोध गर्दै आएको हो । अन्तर्राष्ट्रिय मूल्य र मान्यताविपरीत नेपाल-भारत सीमामा बनाइएको बाँध तथा तटबन्ध भत्काउन र आइन्दा नबनाउन खबरदारी गर्दै आएको पार्टी नेमकिपा हो । देशको स्वाधीनता र सार्वभौमसत्तामा दाग पर्ने, असमान सन्धि र सम्झौता गरेर नेपाल र नेपाली जनतामा आघात पुग्ने सवालमा नेमकिपाले जहिल्यै सरकारलाई खबरदारी गर्दै आएको हो । नेपालका प्राकृतिक स्रोत र साधन विदेशीलाई दिन नहुने, देशका उद्योगधन्दा तथा कलकारखाना विदेशी कम्पनी र दलाललाई दिन नहुने सवालमा पनि नेमकिपाले सरकारको खबरदारी गर्दै आएको हो । यसरी देश र जनताको पक्षमा सधैँ सङ्घर्षरत नेमकिपा र नेमकिपाका सांसदहरू देशको निम्ति जरुरी छ । यो कुरा हरेक युवा-विद्यार्थी या नयाँ पुस्ताले बुझ्नुपर्ने या थाहा पाउनुपर्ने हो । युवा विद्यार्थीहरूले नेमकिपाले गर्दै आएको गुण र योगदानलाई भुल्नु हुँदैन ।

देश र जनताभन्दा दल माथि छैन । देश र जनताकेन्द्रित भएर अघि बढिरहेको नेमकिपा कहिले पनि सत्ता स्वार्थमा अल्झेन । पुँजीवादी शासकहरूले निजीकरणको नाउँमा उद्योगलाई एक एक गर्दै नियोजित ढङ्गमा विदेशी पुँजीको अधीनमा दिने काम गरे । यसको कारण नेपाल विदेशी एकाधिकार पुँजीको नवउपनिवेश बन्दै गयो । जनतासँग प्रत्यक्ष सरोकार राख्ने उद्योगहरूलाई निजीकरण गर्नु हुँदैनथ्यो । कुनै पनि उद्योग विदेशी पुँजीको हातमा दिनु हुँदैनथ्यो । सत्तामा पुगेका पुँजीवादी पार्टीहरूले देश र जनताको स्वाभिमानको अवमूल्यन गरे । प्रजातन्त्र सत्तामा बस्ने पार्टीहरूको मनपरीतन्त्र होइन । सिद्धान्तत: प्रजातन्त्रविरोधीहरू र जनताको मतलाई यथोचित आदर गर्ने, प्रशासनयन्त्र र प्रचार साधनलाई एकहत्ती नगर्ने र आलोचना सहने जीवन पद्धति हो । यो जीवन पद्धतिलाई बस्ती-बस्तीसम्म पुर्‍याउन नेमकिपाले निर्वाचनलाई उपयोग गरेको हो ।

पुराना दल सबैलाई शासकको दल देख्नु युवा-विद्यार्थीहरूको दृष्टिदोष हो । पुराना दल सबै शासक होइनन् । पुराना दललाई शासकहरूको सूचीमा राखेर उही दृष्टिले हेर्ने नयाँ पार्टी या युवा-विद्यार्थीको हेराइ सही होइन । पुराना दलका नेता, सांसद र कार्यकर्ताहरूले पनि सरकारको कमी कमजोरी औँल्याउने, सरकारलाई खबरदारी गर्ने काम गरिरहेका छन् । नेमकिपाले जनताले दिएको विश्वासको मतलाई कहिल्यै धोका दिएन । जनताको विश्वासको मतलाई इमानदारीपूर्वक नेमकिपाले आदर र सम्मान गरेको छ । सिद्धान्त र राजनीतिक नैतिकताले बाँधिएका नेता तथा कार्यकर्ताहरू हल्लाको भरमा कसैको पछि लाग्दैनन्; पछि लाग्नु हुँदैन । विदेशी शक्ति राष्ट्रहरूको हस्तक्षेप र दबाबमा त झनै लाग्नु हुँदैन ।

जनताको राजनीतिक मनोबल उँचो बनाउन, असमान सन्धि सम्झौता गर्ने दलका उम्मेदवारहरूलाई हराउन, कर्णालीलगायत देशका अन्य जलस्रोतहरू संरक्षण गर्नुपर्ने सवालमा नेमकिपाले सदन र सडकमा आवाज बुलन्द गरेको हो । कला र संस्कृतिको संरक्षण, संवर्द्धन गर्न, शिशुशाला र बालोद्यानको विकास गरी महिलाको श्रम शक्तिलाई सहयोग गर्न, आर्थिक अनुशासन कायम गर्ने, भ्रष्टाचारीहरूमाथि कारबाही गर्न, जनताको सांस्कृतिक स्तर र नागरिक भावनाको विकासमा जोड दिँदै आएको दल नेमकिपा हो । राजनीतिक, आर्थिक, सामाजिक तथा धार्मिक अपराधीहरूलाई जनतामाझ उदाङ्ग्याउन र फेरि त्यस्ता कुत्सित कार्य नगर्न र नगराउन नेमकिपाले खबरदारी गर्दै आएको यथार्थ हो । स्थानीय तहको स्वायत्ततालाई बलियो बनाउन, विकास निर्माणमा सामूहिक भावना जगाउन, युवा जनशक्तिलाई सृजनात्मक कार्यमा उत्प्रेरित गर्नुपर्नेमा नेमकिपाले जोड दिँदै आएको हो । महिलालाई हरेक क्षेत्रमा आत्मनिर्भर बनाउन शिक्षा र रोजगारमूलक कार्यमा जोड दिँदै आएको नेमकिपाले देशमा खाद्यान्न उत्पादन बढाउन, आयस्रोत बढाउन स्वदेशमै रासायनिक मल कारखाना स्थापना गर्न दशकौँ अघिदेखि सरकारको ध्यानाकर्षण गर्दै आएको हो ।

देशको शैक्षिक स्थिति पनि चित्तबुझ्दो छैन । शिक्षा क्षेत्रमा देखिएको अराजकता अन्त्य गर्नुपर्छ । सरकारी विद्यालयको शैक्षिक स्तर उकास्न अझ मेहनत गर्नु आवश्यक छ । शिक्षालाई उत्पादन श्रमसँग मिलाउनुपर्ने समयको माग हो । निजीकरण र उदारीकरणको नाउँमा देशलाई नवउपनिदेशवादको भासमा डुबाउने नीतिको विरोध गर्नु अहिले पनि आवश्यक छ । लोकसेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय योजना आयोग र अख्तियार दुरूपयोग अनुसन्धान आयोगहरूलाई स्वतन्त्र र अधिकार सम्पन्न बनाइनुपर्छ । यसलाई शासक दल या अन्य कुनै दलको निकाय सम्झनु हुँदैन; बनाउनु हुँदैन, कसैले आफ्नो दबाब र प्रभावमा राखेर त्यसले दिने न्यायमा हस्तक्षेप गर्नु हुँदैन ।

नेपाल-भारत खुला सीमाको कारण सीमा तस्कर एवम् अपराधी एक अर्को देशमा लुक्ने र समस्या विवाद समाधान भएको छैन । दुवै देशको हितको लागि खुला सीमा नियमित गर्नुपर्ने हो, त्यो पनि भइरहेको छैन । दुई देशको सीमा व्यवस्थापन पनि भएको छैन । छाउपडी, बोक्सी, दहेजजस्ता अन्धविश्वासका कारण महिला र बालबालिकाको मृत्यु भइरहेको छ । त्यसबारे शासक दलका नेताहरूलाई कुनै चासो छैन । देश अझै साक्षर बनेको छैन । न त विकासशील देश नै बनेको छ । कृषिप्रधान देशमा कृषिमा नै आत्मनिर्भर बनेको छैन ।

अपराधीहरू बढ्दै छन् । महिला बेचबिखन अन्त्य भएको छैन । बालबालिका बेपत्ता पार्ने, हत्या, हिंसा र बलात्कारका घटना बारम्बार दोहोरिरहेको छ । देश र जनताका यी यावत समस्याबारे आवाज उठाउँदै आएको दल नेमकिपा हो । यी सबै कुरा नयाँ पुस्ताले बुझ्नुपर्ने हो । कसैको हल्ला र लहैलहैमा लागेर कुनै दलको पक्षमा लाग्नु र मतदान गर्नु बुद्धिमानी होइन । लहै लहैमा गएको मत कुनै दलको सिद्धान्तले भिजेको मत होइन । यस्तो मत कुनै पनि बेला, कुनै पनि समयमा अदलबदल भइरहन्छ । त्यस्तो मत न सिद्धान्तले भिजेको मत हो न त त्यो स्थिर नै रहन्छ । अत: हरेक पक्ष र सवालमा जनता सचेत र चनाखो हुनुपर्छ । नत्र देशको स्थिति अझ जटिल बन्न सक्नेछ ।

# युवा अवस्थामा नै मिर्गौला फेल : कारण तथा उपचार

**- डा. वेश अन्सारी, मिर्गौला रोग**

मिर्गौलासम्बन्धी रोगलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ । जसमा मेडिकल कारण तथा सर्जिकल कारण पर्छन् । धेरैजसो मिर्गौला रोगको कारण सर्जिकल समस्या हुन सक्छ । अन्य कुनै रोगका कारण मिर्गौलामा असर परेमा त्यसलाई मेडिकल कारण भनिन्छ ।

यदि कसैलाई सुगर, उच्च रक्तचाप, कोलेस्ट्रोलजस्ता रोगका कारण मिर्गौलामा असर परेको छ भने त्यसलाई मिर्गौला रोगको मेडिकल कारण मानिन्छ । मेडिकल समस्याका कारण मिर्गौलामा आएको समस्या हटाउन सकेमा मिर्गौलाले पुन: सामान्य रूपमा काम गर्न थाल्छ ।

**समस्या बढ्नुका कारण**

पछिल्लो समय मिर्गौलासम्बन्धी समस्या बढ्दै जानुको प्रमुख कारण जीवनशैलीमा आएको व्यापक परिवर्तन हो । युवावस्थामै सुगर, प्रेसर, थाइराइड, कोलेस्ट्रोलजस्ता समस्या देखिन थालेकाले मिर्गौलासम्बन्धी समस्या पनि दिनप्रतिदिन बढ्दै गएको छ ।

त्यस्तै, विभिन्न प्रकारका इन्फेक्सनका कारण पनि मिर्गौलासम्बन्धी रोग बढ्दै गएको पाइन्छ । मिर्गौलामा स्टोन देखिनु तथा क्यान्सर हुनु पनि समस्याको अर्को कारण हो ।

पानीको अपर्याप्त सेवन, असन्तुलित खानपान शैली, बारम्बार इन्फेक्सन हुनु, मिर्गौलामा ढुङ्गा बन्नु तथा समयमै उपचार नहुनुजस्ता कारणले पनि मिर्गौलासम्बन्धी समस्या पछिल्लो समय बढ्दै गएको छ ।

**मिर्गौला रोग र खानपान शैली**

पिसाबमा प्रोटिनको मात्रा देखिएको छ वा छैन भन्ने आधारमा खानपानमा परिवर्तन गर्नुपर्ने वा नपर्ने निर्धारण गरिन्छ । यदि स्टोनका कारण मिर्गौला रोग भएको छ भने त्यसअनुसारको खानपान शैली अपनाउनुपर्छ ।

मिर्गौलालाई स्वस्थ राख्न दैनिक ३ देखि ४ लिटर पानी पिउनुपर्छ । खानामा नुनको मात्रा सकेसम्म



कम गर्ने, रातो मासु तथा गेडागुडी आवश्यकताअनुसार खाने र दैनिक शारीरिक व्यायाम गर्ने बानीले मेडिकल तथा सर्जिकल कारणबाट हुन सक्ने मिर्गौला रोगबाट जोगिन सकिन्छ ।

**युवावस्थामै मिर्गौला फेलको समस्या**

युवावस्थामै मिर्गौला फेल हुनुको प्रमुख कारण उच्च रक्तचाप हो । समयमै उच्च रक्तचापको उपचार हुन नसक्दा युवावस्थामै मिर्गौला फेल हुने समस्या बढ्दै गएको छ ।

नियमितरूपमा उच्च रक्तचापको परीक्षण नगर्दा र त्यसको रोकथाम गर्न नसक्दा मिर्गौला फेलसम्मको समस्या आउन सक्छ । त्यस्तै, युवावस्थामै मिर्गौला फेल हुनुको अर्को कारण सुगर पनि हो । उच्च रक्तचाप र सुगरलाई समयमै पत्ता लगाई नियन्त्रण गर्न सके यस्तो समस्याबाट जोगिन सकिन्छ ।

**मिर्गौला रोगीलाई सहज उपचार कसरी ?**

मिर्गौला रोगका लागि सरकारले १ लाख रूपैयाँ बराबरको उपचार सहुलियत प्रदान गर्दै आएको छ । डायलासिस सेवा पनि नि:शुल्क उपलब्ध गराइँदै आएको छ ।

यद्यपि, दीर्घकालीन उपचार आवश्यक पर्ने बिरामीका लागि यो पर्याप्त छैन । मिर्गौला प्रत्यारोपण सेवाका लागि सरकारले ४ लाख रूपैयाँ बराबरको सहुलियत दिँदै आएको छ ।

तर, प्रत्यारोपणका लागि यो रकम पर्याप्त हुँदैन । सरकारी अस्पतालमा उपचार गराउने बिरामीले केही थप रकम तिरेर सेवा लिन सके पनि निजी अस्पतालमा उपचार गराउनेहरूका लागि यो निकै अपुग हुन्छ ।

निजी अस्पतालमा प्रत्यारोपण गराउन कम्तीमा १५ देखि २० लाख रूपैयाँसम्म खर्च हुन सक्छ । नेपाल सरकारले दिने सहुलियत निजी अस्पतालमा उपचार गराउने बिरामीले पाउन सक्दैनन् ।

प्रत्यारोपणपछि बिरामीले खाने औषधिको लागत मात्रै मासिक २५-३० हजार रूपैयाँसम्म पर्छ । त्यसैले सरकारी अस्पतालमा उपचार गराउने बिरामीका लागि पनि सरकारले उपलब्ध गराउँदै आएको सहुलियत पर्याप्त देखिँदैन ।

**मिर्गौलामा समस्या आउनबाट कसरी जोगिने ?**

मिर्गौला रोगबाट जोगिन कम्तीमा वर्षमा एकपटक मिर्गौला परीक्षण गराउनु आवश्यक छ ।

त्यस्तै मिर्गौला रोगका मुख्य कारकहरू जस्तै सुगर, प्रेसर, डायबिटिज आदिको उपचार समयमै गर्नुपर्छ । खानामा नुनको मात्रा सकेसम्म कम गर्ने, पर्याप्त पानी पिउने, नियमित शारीरिक व्यायाम गर्नेजस्ता बानीले मिर्गौलामा समस्या आउनबाट जोगिन सकिन्छ ।

*(मिर्गौला प्रत्यारोपण सर्जन तथा युरोलोजिस्ट डा. अन्सारी जोरपाटीस्थित नेपाल मेडिकल कलेजमा कार्यरत छन् ।)*

# जेम्स पेट्रासको अन्त्य: एक बौद्धिक मौनता

● के. एम. सीथी

आफ्ना लेखनले कैयौँ महाद्वीपका पुस्तौँपुस्ताका आलोचनात्मक चिन्तकहरूलाई प्रभावित तुल्याएका अमेरिकी समाजशास्त्री जेम्स पेट्रासको मृत्युपश्चात् यो संसारबाट उनको बिदाइ सुस्केराजस्तै गरी भयो । सत्ताको हिंसा, विश्वव्यापी पुँजीवादको असमानता र साम्राज्यका भ्रमहरूलाई उदाङ्गो पार्न आफ्नो जीवन अर्पण गर्ने यी विद्वानले आफ्ना केही सीमित पाठक र सहयोद्धाहरूको घेराभन्दा बाहिर खासै कोलाहल नगरी यो संसार छोडे । बौद्धिक उचाइलाई प्राय: चमकधमक र चर्चाका आधारमा मापन गरिने वर्तमान समयमा उनको बिदाइमा छाएको यो सन्नाटाले समकालीन सार्वजनिक जीवनमा विद्रोही आवाजहरूका लागि कस्तो स्थान सुरक्षित गरिएको छ भन्ने कुराको गहिरो सङ्केत गर्दछ ।

पेट्रासको निधन ८९ औं जन्मदिनको बेला सन् २०२६ जनवरी १७ मा सियाटलमा भयो । उनको देहावसान अमेरिकी राजनीतिक विचारका अर्का प्रखर र क्रान्तिकारी व्यक्तित्व माइकल पेरेन्टीको मृत्युभन्दा केही दिनअघि मात्र भएको थियो । यद्यपि, पेरेन्टीको नाम जताततै चर्चामा रहँदा पेट्रासको प्रस्थान भने प्राज्ञिक र सञ्चार जगतमा लगभग कसैको नजरमा नपरी ओझेलमा पर्यो ।



सन् १९३७ मा म्यासाचुसेट्सको एक आप्रवासी श्रमिक परिवारमा जन्मिएका पेट्रासले आफ्नो प्राज्ञिक जीवनमा श्रम सङ्घर्ष र सामाजिक अन्यायप्रति गहिरो संवेदनशीलता बोकेका थिए । बोस्टन र क्यालिफोर्निया विश्वविद्यालय (बर्कले) मा अध्ययन गरेपछि शताब्दीसम्म फैलियो । मैले सम्पादन गरेका तीनवटा प्राज्ञिक जर्नल्स- 'साउथ एसियन जर्नल अफ डिप्लोमेसी', 'इन्डियन जर्नल अफ पोलिटिक्स एन्ड इन्टरनेसनल रिलेसन्स' र 'जर्नल अफ पोलिटिकल इकोनोमी एन्ड फिकल फेडरलिज्म' मा उनका लेखहरू प्रकाशित भए । उनले यीमध्ये दुईवटा जर्नल्सको अन्तर्राष्ट्रिय सल्लाहकार बोर्डमा रहेर पनि सेवा गरे । हाम्रा संवादहरू सधैँ न्यानो र बौद्धिक रूपमा तीखा हुन्थे । उनले सन् २०२० को अप्रिलसम्म मलाई इमेलहरू पठाइरहे, जसमा प्राय: 'ग्लोबल साउथ'का विकासक्रमबारे जिज्ञासा र समकालीन राजनीतिमाथि उनका चिन्तनहरू हुन्थे । उनको अन्तिम इमेलमा उनले मैले सम्पादन गर्न लागेको त्यो पुस्तक पठाउन आग्रह गरेका थिए, जसमा 'उत्तर-मार्क्सवाद' (post–Marxism) बारे उनको निबन्ध समावेश थियो । त्यसपछि सन्नाटा छायो । उनको मृत्युको खबर ढिलो गरी मकहाँ आइपुग्दा मलाई यो कुनै आत्मीय विद्वानको देहावसानजस्तो मात्र लागेन, बरु एउटा चलिरहेको जीवन्त संवादको अचानक अन्त्य भएजस्तो महसुस भयो ।

पेट्रासको जीवन बौद्धिकता र सक्रियताको एक दुर्लभ मिश्रण थियो । उनले प्राज्ञिक कार्यलाई कहिल्यै पनि समाजबाट अलगिएको पेसाका रूपमा हेरेनन् । उनले सामाजिक आन्दोलनहरूसँग सहकार्य गरे, ल्याटिन अमेरिकामा भइरहेका दमनहरूको जाँच गर्ने अन्तर्राष्ट्रिय न्यायाधीकरणहरूमा सहभागी भए र प्राज्ञिक जर्नलदेखि जनसाधारणले पढ्ने पत्रपत्रिकासम्म



। विश्वव्यापीकरणका धेरै सिद्धान्तकारहरूले यसलाई बजार, सञ्जाल र अन्तर्राष्ट्रिय संस्थाहरूद्वारा प्रभावित विश्वका रूपमा व्याख्या गरे । तर, पेट्रास भने त्यसलाई केही फरक ढङ्गले हेर्थे । उनी शक्तिशाली राज्यहरूले अझै पनि विश्वव्यापी पुँजीवादलाई व्यवस्थित गरिरहेका छन्, वित्तीय नियमहरू लादिरहेका छन् र कर्पोरेट स्वार्थको रक्षाका लागि सैन्य बल परिचालन गरिरहेका छन् भन्ने तर्क गर्थे । उनको बुझाइमा, साम्राज्यवाद कुनै अमूर्त धारणामा बिलिन भएको थिएन; बरु, यसले आफ्नो राजनीतिक जगलाई कायम राख्दै नयाँ आर्थिक स्वरूपहरूमा आफूलाई अनुकूल बनाएको मात्र थियो ।

यही दृष्टिकोणले उनलाई इमानुएल वालरस्टाइन र समिर अमिनजस्ता 'विश्व-प्रणाली' (world–systems) का चिन्तकहरूसँगको संवादमा उभ्यायो । उनीहरूले केन्द्र र परिधिबिचको लामो ऐतिहासिक चक्र र संरचनात्मक श्रेणीक्रमको परीक्षण गरिरहँदा, पेट्रासले भने आफ्नो ध्यान प्रत्येक समाजभित्रको सामाजिक सम्बन्धतर्फ मोडे । शोषणको सुरुवात उत्पादनको थलोबाट हुन्छ र यसलाई ती आन्तरिक शासक वर्गहरूले निर्धारण गर्छन्, जसले आफ्नो शक्तिलाई अन्तर्राष्ट्रिय स्तरसम्म फैलाउन राज्यको प्रयोग गर्छन् भन्ने उनको तर्क थियो । त्यसैले, राष्ट्र-राज्य (nation–state) असान्दर्भिक भएको छैन, बरु यो अझै पनि केन्द्रमा छ भन्ने उनको मान्यता थियो । मानवीय सक्रियता र वर्गसङ्घर्षमाथिको यो जोडले गर्दा पेट्रासका कार्यहरू अन्य संरचनात्मक सिद्धान्तहरूभन्दा बढी प्रखर र राजनीतिक रूपमा प्रभावकारी बनेका छन् ।

ल्याटिन अमेरिका उनको विश्लेषणको मुख्य प्रयोगशाला बन्यो । उनले उदारवादी सुधार, व्यापार सम्झौता र वित्तीय परनिर्भरताका गर्दथ्यो । 'उत्तर-मार्क्सवाद' (post–Marxism) सम्बन्धी आफ्ना लेखहरूमा पेट्रासले वर्ग-राजनीतिबाट पछि हट्नु बौद्धिक प्रगति नभई राजनीतिक पराजयको उपज थियो भन्ने तर्क गरे । पहिचानमा आधारित सङ्घर्षहरूले तब मात्र रूपान्तरण ल्याउन सक्छन्, जब तिनीहरू स्वामित्व, श्रम र आर्थिक नियन्त्रणका प्रश्नहरूसँग जोडिन्छन् भन्ने उनको ठम्याइ थियो । त्यसैगरी, हर्ट र नेग्रीको 'एम्पायर' (Empire) माथि टिप्पणी गर्दै उनले शक्ति सीमाहीन सञ्जालहरूमा छरिएको छ भन्ने धारणालाई अस्वीकार गरे । पेट्रासका लागि, बहुराष्ट्रिय कम्पनीहरू अझै शक्तिशाली राज्यहरूमाथि नै निर्भर थिए र सैन्य गठबन्धनहरू प्रभुत्व जमाउने निर्णायक अस्त्रका रूपमा कायमै थिए ।

उनले समाजशास्त्रका विभिन्न पाटाहरूलाई अलग-अलग विधाका रूपमा टुक्र्याउने प्रवृत्तिका विरुद्ध पनि चेतावनी दिएका थिए । उनको तर्क आधुनिक समाजलाई प्रभाव पार्ने शक्तिहरूलाई बुझ्नका लागि वास्तविक अन्तरविषयक (interdisciplinary) कार्यले राजनीतिक अर्थतन्त्र, समाजशास्त्र र इतिहासलाई पुन: एक ठाउँमा जोड्नुपर्छ भन्ने थियो । उनको विचारमा, बौद्धिकले सामाजिक प्रवृत्तिहरूको वर्णन मात्र गर्ने होइन, बरु शक्तिले कसरी काम गर्छ भन्ने कुराको व्याख्या गर्नुपर्छ ।

यही दृढ विश्वासले अमेरिकी विदेश नीति, पश्चिम एसियामा इजरायली रणनीति, र प्रारम्भिक ट्रम्प कालमा राष्ट्रवादी आर्थिक नीतिहरूको उदयबारे उनले गरेका विश्लेषणहरूलाई मार्गदर्शन गर्यो । आन्तरिक राजनीतिको चर्चा गर्दा समेत पेट्रासले देशभित्रको असमानता र विश्वव्यापी शक्ति प्रदर्शनबिचको कडीलाई मिहीन ढङ्गले पहिल्याउने गर्दथे ।


### बौद्धिक साहसको विरासत


जेम्स पेट्रासको नाममा दशकौँ लामो समय र विभिन्न महाद्वीपहरू ओगटेको विशाल लेखन भण्डार छ । 'अनमास्किङ ग्लोबलाइजेसन' (Unmasking Globalization), 'सिस्टम इन क्राइसिस' (System in Crisis), 'बियोन्ड नियोलिबरलिज्म' (Beyond Neoliberalism) र 'इम्पेरियलिज्म एन्ड क्यापिटलिज्म इन द ट्वान्टी-फर्स्ट सेन्चुरी' (Imperialism and Capitalism in the Twenty–First Century) जस्ता पुस्तकहरूले विश्वव्यापी पुँजीवादको विकास र यसले निम्त्याउने प्रतिरोधको जीवन्त व्याख्या गर्छन् । हेनरी पनि जोड दिए । क्युवा, पश्चिम एसिया र विश्व व्यापारबारेका आफ्ना लेखहरूमा उनले शक्तिशाली देशका विद्वानहरूलाई टाढा बसेर कमजोर राष्ट्रहरूको न्याय गर्नुभन्दा पहिले आफ्नै राज्यको व्यवहारलाई सूक्ष्म रूपले नियाल्नुपर्छ भन्ने अर्ती दिए । बौद्धिक जवाफदेहिताप्रतिको यही आग्रहले उनको सार्वजनिक आवाजलाई परिभाषित गर्यो ।


उनको कार्यकाल विवादमुक्त भने रहेन । उनका कतिपय पछिल्ला, विशेषगरी जहाँ उनका विश्लेषणहरूले संवेदनशील राजनीतिक प्रश्नहरूलाई स्पर्श गरेका लेखहरूले कडा आलोचना पनि खेप्नुपर्यो । तर, यी बहसहरूले उनले उजागर गर्न खोजेका तिनै तनावहरूलाई प्रकट गर्छन् - जुन प्राज्ञिक स्वतन्त्रता, राजनीतिक शक्ति र सार्वजनिक बहसबिचको एउटा असहज सम्बन्ध हो । पेट्रासले कहिल्यै पनि सहज र सर्वसम्मतिको बाटो रोजेनन् । उनले तर्कलाई नै बौद्धिक जीवनको प्राण माने र विमतिले प्राय: एक्लोपन निम्त्याउँछ भन्ने कुरालाई सहजै स्वीकार गरे ।


पाँच दशकको यात्रामा उनले विश्लेषणात्मक प्रखरतालाई नगुमाइकन पनि बौद्धिकतालाई सामाजिक सङ्घर्षसँग जोड्न सकिन्छ भन्ने यो प्रमाणित गरिदिए । ग्रीसमा पापान्ड्रेउलाई सल्लाह दिनुदेखि ल्याटिन अमेरिकाका आन्दोलनहरूमा सहभागी हुनुसम्म, पेट्रासले विचार र कर्मबिच एक असाधारण निरन्तरता कायम राखे । बौद्धिक कार्यले एकातिर शक्तिको संरचनालाई छर्लङ्ग पार्नुपर्छ भने अर्कोतिर ती शक्तिविरुद्ध लड्नेहरूको आवाजलाई पनि ठाउँ दिनुपर्छ भन्ने उनको विश्वास थियो ।


पेट्रासको मृत्युप्रति देखिएको यो मौन प्रतिक्रियाले वर्तमान बौद्धिक जगतको एउटा पाटोलाई उजागर गर्छ । यसले हाम्रो समयमा बौद्धिक दायरा कसरी खुम्चिँदै गइरहेको छ भन्ने कुरा स्पष्ट पार्छ । आज विश्वविद्यालयहरू नवप्रवर्तन (innovation) को उत्सव त मनाउँछन् तर 'असहमति' (dissent) लाई निरुत्साहित गर्छन्; प्राज्ञिक जर्नलहरू प्राविधिक शुद्धतालाई त पुरस्कृत गर्छन् तर संरचनात्मक आलोचनाबाट भने टाढिन्छन् । सार्वजनिक बहसहरूले पनि अप्रिय सत्यभन्दा शिष्ट टिप्पणीहरूलाई नै बढी रुचाउँछन् । यस्तो वातावरणमा, पेट्रासजस्ता आवाजहरूलाई तिनले मात्र सम्झिनेछन् जो अझै असमानता, साम्राज्य र शोषणको उत्तर खोजिरहेका छन् । उनका लेखहरू आज पनि कक्षाकोठा, आन्दोलन र अनौपचारिक सञ्जालहरूमा फैलिरहेका छन्,









उनले आफ्नो करियरको लामो समय बिङ्घमटन विश्वविद्यालयमा समाजशास्त्र अध्यापन र ती विद्यार्थीलाई मार्गदर्शन गर्नमा बिताए, जो पछि गएर स्वयं विद्वान, अभियन्ता र सार्वजनिक बौद्धिक बने । पाँच दशकभन्दा लामो समयको अन्तरालमा उनले ६० भन्दा बढी पुस्तक, सयौँ प्राज्ञिक लेख र विश्वभरका पत्रपत्रिकामा हजारौँ निबन्धहरू लेखेर एक असाधारण बौद्धिक भण्डार खडा गरे । उनको पुस्ताका विरलै विद्वानहरूले यति निरन्तरता र वैश्विक पहुँचका साथ कलम चलाएका होलान् ! अचम्म त यो लाग्छ कि, ट्रम्प प्रशासनको प्रतिशोधको डरका बिच कम्तीमा बिङ्घमटन विश्वविद्यालयले मात्रै भए पनि उनीप्रति श्रद्धाञ्जली अर्पण गर्यो कि गरेन ?

पेट्राससँगको मेरो सामीप्य झण्डै सवा आफ्ना विचारहरू पस्किए । बौद्धिक कार्यले समाजप्रति एउटा गम्भीर उत्तरदायित्व बोकेको हुन्छ भन्ने कुरामा उनको अटल विश्वास थियो र आफ्नो सम्पूर्ण कार्यकालभरि उनले त्यही विश्वासलाई व्यवहारमा उतारे । विश्वविद्यालयहरूले प्राविधिक विशिष्टीकरण र सुरक्षित निष्कर्षहरूलाई मात्रै पुरस्कृत गर्ने आजको समयमा पेट्रासले 'बौद्धिकताले अझै पनि ज्वलन्त राजनीतिक यथार्थहरूसँग संवाद गर्न सक्छ' भन्ने सन्देशका साथ आफूलाई पृथक उभ्याए ।

### विधि, शक्ति र साम्राज्यको प्रश्न

पेट्रासको बौद्धिक कर्मले हामीलाई विश्वव्यापी असमानतालाई वर्ग सम्बन्ध, राज्य शक्ति र ठोस राजनीतिक सङ्घर्षका माध्यमबाट मात्र बुझ्न सकिन्छ भन्ने निरन्तर सम्झाइरह्यो बारेमा विस्तृत रूपमा लेख्दै यी प्रक्रियाहरूले कसरी श्रम आन्दोलन र राष्ट्रिय सार्वभौमसत्तालाई कमजोर बनाउँदै सम्पत्तिलाई माथिल्लो तप्कामा पुर्याउँछन् भन्ने कुरा देखाए । उनले साल्भाडोर एलेन्डे, ह्युगो चाभेज र एन्ड्रियास पापान्ड्रेउजस्ता व्यक्तित्वहरूसँग निकट सम्बन्ध राखे र सुधारवादी सरकारहरूले विश्वव्यापी अवरोधहरूविरुद्ध कसरी सङ्घर्ष गर्छन् भन्ने कुरा नजिकबाट नियाले । जनआन्दोलनहरूप्रतिको उनको समर्थनले उनलाई सम्झौतापरस्त नीति वा अधिनायकवादी प्रवृत्तिहरूको आलोचना गर्नबाट कहिल्यै रोकेन । ऐक्यबद्धता र संशयबिचको यही सन्तुलन उनको कार्यशैलीको एउटा चिनारी बन्यो ।

समकालीन सिद्धान्तमाथिको उनको आलोचनाले पनि यही झुकावलाई प्रतिबिम्बित भेल्टमेयरसँग मिलेर उनले ल्याटिन अमेरिकाबारे गरेका अध्ययनहरू विकास र सामाजिक आन्दोलनका अध्येताहरूका लागि अझै अनिवार्य सन्दर्भ सामग्रीका रूपमा रहेका छन् । साथै, अन्तर्राष्ट्रिय पत्रपत्रिकाहरूमा छापिने उनका स्तम्भहरूले उनका विचारलाई प्राज्ञिक क्षेत्रभन्दा निकै परसम्म पुर्याउन मद्दत गरे ।

पेट्रासको विरासतलाई खास बनाउने पक्ष उनको बौद्धिक प्रतिबद्धताको निरन्तरता हो । वर्गसङ्घर्ष इतिहासबाट हराइसक्यो वा साम्राज्यवादी राजनीतिले तटस्थ विश्वव्यापीकरणलाई ठाउँ दियो भन्ने दाबीलाई उनले कहिल्यै स्वीकार गरेनन् । उनले बौद्धिकहरूले आफ्नै सरकारका कदमहरूको सूक्ष्म परीक्षण गर्ने जिम्मेवारी वहन गर्नुपर्छ भन्ने कुरामा किनकि उनले कहिल्यै 'सुरक्षित निष्कर्ष' (safe conclusions) दिने बाटो रोजेनन् । उनका लेखहरूले सिद्धान्तले जीवित यथार्थको सामना गर्नुपर्छ र जब पाण्डित्य प्राविधिक भाषा र व्यावसायिक सावधानीको घेराभित्र खुम्चिन्छ, तब यसले आफ्नो उद्देश्य नै गुमाउँछ भन्ने कुराको जब्बर जिकीर गर्छ ।

जेम्स पेट्रास निश्चित रूपमा त्यस्तो पुस्ताका प्रतिनिधि थिए, जसले विचार र सिद्धान्तलाई प्राज्ञिक प्रतिष्ठा बढाउने 'गहना' मात्र ठान्नुको सट्टा ऐतिहासिक परिवर्तनको 'अस्त्र' का रूपमा ग्रहण गरे । यो संसारले उनको बिदाइको खबरलाई एउटा सामान्य सन्नाटाका बिच ग्रहण गरे तापनि उनले उठाएका प्रश्नहरू भने कत्ति पनि फिक्का भएका छैनन् ।

*स्रोत: द वायर डटआइएन*



मार्च १२, २०२६ का दिन छिमेकी मित्रराष्ट्र प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको राजधानी प्योङयाङबाट उत्तरपूर्वी चीनको लियाओनिङ प्रान्तको तानतोङ सहरमा तानतोङ नदीको पुल पार गरी आइपुगेको यात्रुवाहक ट्रेन नं. ९५ । कोरोना महामारीको क्रममा बन्द भएको उक्त रेलसेवा यसै हप्तादेखि पुन: सुरु गरिएको हो र दुवै देशबाट दैनिक यात्रुसेना सञ्चालन हुने बताइएको छ । *तस्बिर : सिन्ह्वा /पान युलोङ*

# ऊर्जा सुरक्षामा चीनको कडाइ

पेइचिङ, २८ फागुन (एएफपी) । मध्यपूर्वमा चर्किएको युद्धले विश्व ऊर्जा बजारमा अस्थिरता बढिरहेको बेला चीनले आफ्नो ऊर्जा सुरक्षालाई प्राथमिकता दिँदै परिष्कृत तेल उत्पादनको निर्यातमा कडाइ गरेको समाचार सार्वजनिक भएको छ । ब्लुमबर्ग न्युजका अनुसार पेइचिङले पेट्रोल, डिजेल र जेट इन्धनजस्ता रिफाइन्ड तेल उत्पादनको विदेश पठाउने प्रक्रिया सीमित बनाउन थालेको छ ।

विश्वको दोस्रो ठुलो अर्थतन्त्र मानिने चीन कच्चा तेलको सबैभन्दा ठुलो आयातकर्तामध्ये एक हो । चीनका विशाल रिफाइनरी उद्योगले मुख्यतया घरेलु बजारलाई आपूर्ति गर्ने भए पनि उसले पेट्रोल, डिजेल र जेट इन्धनजस्ता परिष्कृत तेल उत्पादन विदेश पनि पठाउँदै आएको छ । आधिकारिक भन्सार तथ्याङ्कअनुसार गत वर्ष चीनले करिब पाँच करोड ८० लाख टन रिफाइन्ड तेल उत्पादन निर्यात गरेको थियो ।

तर मध्यपूर्वमा बढ्दो युद्ध तनावका कारण अहिले चिनियाँ तेल रिफाइनरीहरूले पहिले नै सहमति भएका केही निर्यात कार्गोहरू रद्द गर्न थालेका छन् । ब्लुमबर्ग न्युजले यस विषयमा जानकारी राख्ने तर पहिचान नखुलाइएका स्रोतहरूलाई उद्धृत गर्दै यस्तो जानकारी दिएको हो ।

रिपोर्टअनुसार पछिल्लो निर्देशन अघिल्लो हप्ता दिइएको मार्गनिर्देशनभन्दा अझ कडा मानिएको छ । त्यसबेला ढुवानी अस्थायी रूपमा रोक्ने सल्लाह दिइएको भए पनि त्यसलाई अनिवार्य निर्देशनको रूपमा बुझिएको थिएन ।

बिहीबार पेइचिङमा आयोजित नियमित पत्रकार सम्मेलनमा यस विषयमा सोधिएको प्रश्नमा चीनको विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले आफू यस रिपोर्टबारे जानकार नभएको बताउनुभयो ।

इरानमा अमेरिका र इजरायलबिच सुरु भएको युद्धपछि विश्व ऊर्जा बजार निकै अस्थिर बनेको छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बिहीबार प्रतिब्यारेल १०० अमेरिकी डलरभन्दा माथि पुगेको छ । खाडी क्षेत्रका केही राज्यमा तेहरानले गरेको आक्रमणका कारण ऊर्जा आपूर्ति अवरुद्ध हुने चिन्ता बढेको छ ।

यस अवस्थालाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले रणनीतिक भण्डारबाट कच्चा तेल ठुलो परिमाणमा बजारमा ल्याउने घोषणा गरेको थियो । तर, चीन उक्त एजेन्सीको पूर्ण सदस्य नभएकोले संयुक्त रूपमा गरिएको त्यस्तो निर्णयमा सहभागी हुन बाध्य छैन ।

त्यसैबिच मध्यपूर्वबाट ऊर्जा आपूर्ति प्रभावित हुने चिन्ता अझै कम भएको छैन । विश्व कच्चा तेल आपूर्तिको झन्डै पाँचौँ भाग ओहोरदोहोर गर्ने होर्मुज जलडमरूमध्ये अहिले प्रभावकारी रूपमा बन्दजस्तै अवस्थामा पुगेको छ ।

विश्लेषण फर्म क्लेपरका अनुसार गत वर्ष चीनले समुद्री मार्गबाट आयात गरेको कुल कच्चा तेलमध्ये आधाभन्दा बढी हिस्सा मध्यपूर्वबाट आएको थियो ।

यद्यपि विश्लेषकहरूका अनुसार चीनले वर्षौंदेखि रणनीतिक रूपमा ठुलो तेल भण्डार तयार पार्दै आएकोले छोटो अवधिमा सम्भावित आपूर्ति अवरोध सामना गर्नसक्ने स्थिति छ ।

क्लेपरको अनुमानअनुसार चीनसँग करिब एक अर्ब २० करोड ब्यारेल बराबरको स्थलमा रहेको कच्चा तेल भण्डार छ । यो परिमाण समुद्री मार्गबाट हुने आयातका आधारमा करिब ११५ दिनको लागि पर्याप्त मानिन्छ ।

यसअघि कारखाना स्तरमा बढ्दो मुद्रास्फीति देखिएपछि पेइचिङले सन् २०२१ मा आफ्नो रणनीतिक तेल भण्डारबाट केही मात्रा बजारमा ल्याउन अनुमति दिएको थियो । त्यो निर्णय राष्ट्रिय खाद्य तथा रणनीतिक भण्डार प्रशासनले घोषणा गरेको थियो ।

तर, हालको विश्व ऊर्जा बजारको उथलपुथलबिच उक्त निकायले अहिलेसम्म यस्तै नयाँ कदम घोषणा गरेको छैन ।

विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले यसै साता चीनले आफ्नो ऊर्जा सुरक्षाको रक्षा गर्न आवश्यक सबै कदम चाल्ने बताउनुयो ।

# खाडीमा इरानी प्रत्याक्रमण जारी

तेहरान, १२ मार्च (एएफपी) । मध्यपूर्वमा जारी युद्धका बिच इरानले खाडी क्षेत्रका ऊर्जा पूर्वाधार र जहाजहरूलाई लक्षित गर्दै नयाँ ड्रोन तथा क्षेप्यास्त्र प्रत्याक्रमण सुरु गरेपछि विश्व ऊर्जा बजारमा थप अस्थिरता देखिएको छ । बिहीबार बिहान मात्रै दुई तेल ट्याङ्करमा आक्रमण भएको केही घण्टामै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य पुन: उकालो लाग्दै प्रतिब्यारेल १०० डलर नाघेको छ ।

तेहरानले खाडी क्षेत्रका छिमेकी देशहरू तथा इजरायलतर्फ नयाँ आक्रमणको लहर चलाएपछि क्षेत्रीय तनाव झनै चर्किएको छ । इरानले यो युद्ध लामो समयसम्म चल्न सक्ने चेतावनी दिँदै त्यसले विश्व अर्थतन्त्रलाई 'ध्वस्त पार्न सक्ने' दाबी गरेको छ ।

अमेरिका र इजरायलले सुरु गरेको यो युद्ध विस्तार हुँदै जाँदा क्षेत्रका विभिन्न देशहरू प्रभावित भएका छन् । लेबनानमा इजरायली आक्रमण तीव्र बनेको छ । त्यहाँ अधिकारीहरूका अनुसार हालसम्म ६३० भन्दा बढी मानिसको मृत्यु भएको छ भने आठ लाखभन्दा बढी नागरिक विस्थापित भएका छन् ।

खाडी क्षेत्रमा पनि सुरक्षा अवस्था तनावपूर्ण बनेको छ । इरानी आक्रमणपछि बहराइनले बासिन्दाहरूलाई घरभित्रै बस्न र झ्याल बन्द राख्न आग्रह गरेको छ । साउदी अरेबियाले सायबाह तेल क्षेत्रतर्फ गइरहेका ड्रोनहरू रोकिएको जनाएको छ । ओमानको सलालाह बन्दरगाहस्थित इन्धन ट्याङ्कीमा ड्रोन प्रहार भएपछि त्यहाँका केही सञ्चालन अस्थायी रूपमा रोकिएका छन् ।

होर्मुज जलडमरूमध्य आसपासका समुद्री मार्गहरू पनि प्रभावित भएका छन् । संयुक्त अरब इमिरेट्स नजिकै एउटा कन्टेनर जहाजलाई अज्ञात प्रक्षेप्यास्त्रले प्रहार गर्दा सानो आगलागी भएको बेलायती समुद्री सुरक्षा एजेन्सीले जनाएको छ । सबै चालकदल सुरक्षित रहेका छन् ।

यसअघि इराक नजिक दुई तेल ट्याङ्करमा आक्रमण हुँदा कम्तीमा चालक दलका एक सदस्यको मृत्यु भएको र ३८ जनालाई उद्धार गरिएको अधिकारीहरूले बताएका छन् । केही सदस्य अझै बेपत्ता रहेको खोजी जारी छ ।

विश्वको करिब पाँचौँ भाग तेल आपूर्ति हुने होर्मुज जलडमरूमध्य अहिले युद्धको तनावका कारण प्रभावकारी रूपमा अवरुद्ध हुने जोखिममा पुगेको विश्लेषकहरूले बताएका छन् । इरानले पनि खाडीबाट एक थोपा तेल निर्यात हुन नदिने चेतावनी दिएको छ ।

पछिल्लो केही दिनमा मात्रै जहाजहरू संलग्न कम्तीमा चार घटना रिपोर्ट भएका छन् । एउटा थाई बल्क क्यारियरमा प्रहार हुँदा चालक दलका तीन सदस्य बेपत्ता भएको यातायात कम्पनी प्रिसियस सिपिङले जनाएको छ ।

खाडीका अन्य स्थानमा पनि ड्रोन र क्षेप्यास्त्रको खतरा बढेको छ । कुवेतमा आवासीय भवनमा लागेको ड्रोनका कारण दुई जना घाइते भएका छन् भने युएईले पनि क्षेप्यास्त्र खतराको जवाफ दिइरहेको जनाएको छ ।

यसैबिच इरानको रिभोलुसनरी गार्ड्सले अमेरिका र इजरायलसँग सम्बन्धित आर्थिक केन्द्र तथा बैङ्कहरूलाई समेत निशाना बनाउन सक्ने चेतावनी दिएको छ । त्यसपछि केही अन्तर्राष्ट्रिय कम्पनीहरूले दुबईबाट आफ्ना कर्मचारीहरू हटाउन थालेका छन् ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले बजार स्थिर पार्न सदस्य राष्ट्रहरूलाई रणनीतिक भण्डारबाट तेल निकाल्न अनुमति दिएको छ । यसअन्तर्गत ४० करोड ब्यारेल तेल बजारमा पठाउने सहमति भएको छ, जसमा १७ करोड २० लाख ब्यारेल अमेरिकाबाट आउनेछ । तर, यो कदमले पनि लामो द्वन्द्वको डर कम गर्न सकेको छैन । विश्लेषकहरूले प्रतिब्यारेल ९० देखि १०० डलरको मूल्य केही समयसम्म नयाँ सामान्य बन्न सक्ने बताएका छन् ।

युद्धको मानवीय असर पनि तीव्र बन्दै गएको छ । बेरुतमा इजरायली हवाई आक्रमणका कारण आवासीय भवनहरू क्षतिग्रस्त भएका छन् । स्थानीय बासिन्दाहरूले डरले रातभर खुला ठाउँमा बस्न बाध्य भएको बताएका छन् ।

एक स्थानीय बेकरी सञ्चालकले आक्रमणको क्षण सम्झँदै भने, "पहिलो विस्फोट हुँदा म कोठाबाट कोठामा दौडेर परिवारलाई बाहिर निकाल्दै पर्खाल पछाडि लुकाएँ, त्यसपछि दोस्रो आक्रमण भयो ।"

इजरायली सेनाले लेबनानभरि हिजबुल्लाहसँग सम्बन्धित पूर्वाधारलाई लक्षित गरी व्यापक कारबाही जारी राखेको जनाएको छ । साथै इरानबाट इजरायलतर्फ नयाँ क्षेप्यास्त्र प्रहार भएको पनि पत्ता लागेको बताइएको छ ।

इरानको स्वास्थ्य मन्त्रालयका अनुसार मार्च ८ सम्म युद्धमा एक हजार २०० भन्दा बढी मानिस मारिएका छन् । इजरायलमा १४ जनाको मृत्यु भएको छ भने खाडी क्षेत्रमा भएका आक्रमणमा ११ नागरिक र सात अमेरिकी सैनिकसहित २४ जनाको ज्यान गएको स्थानीय अधिकारीहरूले बताएका छन् ।

न्युयोर्क टाइम्सका अनुसार यो युद्धले अमेरिकालाई मात्रै हालसम्म ११ अर्ब ३० करोड डलरभन्दा बढी खर्च गराइसकेको छ ।

# इरानका नयाँ सर्वोच्च नेताद्वारा पहिलो सन्देश जारी

तेहरान, २८ फागुन (एएफपी) । इरानका नयाँ सर्वोच्च नेता मोजतबा खामेनीले आफ्नो नियुक्तिपछि बिहीबार 'केही क्षणमा' पहिलो सन्देश जारी गर्ने उहाँको आधिकारिक टेलिग्राम च्यानलले जनाएको छ ।

"इस्लामिक क्रान्तिका सर्वोच्च नेता अयातोल्लाह सैयद मोजतबा होसेनी खामेनीको पहिलो सन्देश केही क्षणमै सार्वजनिक हुनेछ," च्यानलले भनेको छ ।

सन्देशमा 'इरानी क्रान्ति (परिवर्तन) का नेता अली खामेनीको हत्या, नागरिकको शत्रुसँग व्यवहार गर्ने भूमिका र कर्तव्य, सशस्त्र बल, कार्यकारी निकाय, प्रतिरोध मोर्चाका साथै यस क्षेत्रका देशहरूसँगको इरानको सम्बन्ध र आगामी दिशाबारे सम्बोधन गरिनेछ ।

# किम र छोरीबाट नयाँ पेस्तोल परीक्षण

सियोल, १२ मार्च (एपी) । प्रजग कोरियाली नेता किम जोङ उनले सैन्य क्षमताको आधुनिकीकरणलाई तीव्र बनाउने सन्देश दिँदै हल्का हतियार उत्पादन गर्ने कारखानाको निरीक्षणका क्रममा नयाँ पेस्तोलको परीक्षण गर्नुभएको छ । राज्य सञ्चारमाध्यमले सार्वजनिक गरेका तस्बिरहरूमा उहाँसँगै उहाँकी किशोरी छोरी पनि सुटिङ रेन्जमा हतियार परीक्षण गर्दै देखिनुभएको छ । यसले उत्तर कोरियाको भावी नेतृत्वबारे फेरि चर्चा बढाएको छ ।

प्रजग कोरियाको आधिकारिक कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) का अनुसार किमले एक दिनअघि पेस्तोल तथा अन्य हल्का हतियार उत्पादन गर्ने कारखानाको निरीक्षण गर्नुभएको थियो । त्यस क्रममा हालै उत्पादनमा प्रवेश गरेको नयाँ पेस्तोलको प्रदर्शन गरिएपछि उहाँले शुटिङ रेन्जमा त्यसको प्रत्यक्ष परीक्षण गर्नुभएको थियो । परीक्षणपछि उक्त पेस्तोललाई उहाँले 'उत्कृष्ट' भन्दै मूल्याङ्कन गर्नुभएको केसिएनएले जनाएको छ ।

समाचार एजेन्सीले आफ्नो लिखित विवरणमा किमकी छोरीको उपस्थितिबारे उल्लेख नगरे पनि सार्वजनिक तस्बिरहरूमा उनी वरिष्ठ सैन्य अधिकारीहरूसँगै पेस्तोल फायर गरिरहेको देखिन्छ ।

किमले कारखानाको भूमिका सेनादेखि सुरक्षा निकायसम्मका लागि पेस्तोल तथा अन्य हल्का हतियार आपूर्ति गर्न महत्त्वपूर्ण रहेको बताउँदै उत्पादन क्षमता विस्तार गर्न र थप आधुनिक उत्पादन लाइन स्थापना गर्न निर्देशन दिनुभएको केसिएनएले उल्लेख गरेको छ ।

किमकी छोरी किम जु ए सन् २०२२ नोभेम्बरमा गरिएको लामो दूरीको मिसाइल परीक्षणका क्रममा पहिलोपटक सार्वजनिक रूपमा देखिनुभएको थियो । त्यसयता उहाँ आफ्ना बुबासँग विभिन्न सैन्य कार्यक्रम, कारखाना उद्‌घाटन र उच्चस्तरीय कूटनीतिक भेटघाटमा निरन्तर देखिँदै आउनुभएको छ ।

गत महिना पनि राज्य सञ्चारमाध्यमले किम जु एलाई स्नाइपर राइफल परीक्षण कार्यक्रममा सहभागी भएको देखाएका थिए । त्यो कार्यक्रम सत्तारूढ वर्कर्स पार्टीको बैठकपछि आयोजना गरिएको थियो । बैठकमा किमले आगामी पाँच वर्षका लागि राजनीतिक तथा सैन्य प्राथमिकताहरू सार्वजनिक गर्नुभएको थियो ।

यसैबिच मङ्गलबार पेस्तोल कारखानाको निरीक्षणपछि किम र उहाँकी छोरीले नौसेनाको विध्वंसक जहाजबाट प्रक्षेपण गरिएको आणविक क्षमता भएको क्रुज मिसाइल परीक्षण पनि अवलोकन गर्नुभएको थियो । सो अवसरमा किमले आफ्नो नौसेनाको आणविक क्षमतालाई अझ तीव्र गतिमा विकास गर्नुपर्ने आवश्यकता दोहोऱ्याउनुभएको बताइएको छ ।

# रुस–अमेरिका वार्ता 'फलदायी'

वासिङ्टन, १२ मार्च (एएफपी) । मध्यपूर्वमा युद्ध चर्किरहेका बेला रुस र अमेरिकाबिच उच्चस्तरीय वार्ता सुरु भएको छ । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका दूत किरिल दिमित्रीभले अमेरिकी वार्ताकारहरूसँग भएको भेटलाई 'फलदायी' भएको बताउनुभएको छ । इरान युद्ध सुरु भएपछि मस्को र वासिङ्टनबिच भएको यो पहिलो प्रत्यक्ष वार्ता हो ।

फ्लोरिडामा भएको उक्त छलफलमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका वैश्विक दूत स्टिभ विटकफ, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका ज्वाइँ जारेड कुशनर र ह्वाइट हाउसका वरिष्ठ सल्लाहकार जोश ग्रुएनबाम सहभागी भएको बताइएको छ । दिमित्रीभले सामाजिक सञ्जाल एक्समार्फत उहाँहरूलाई धन्यवाद दिँदै बैठक सकारात्मक रहेको उल्लेख गर्नुभयो ।

उहाँले 'स्टिभ, जारेड र जोशसँग भएको बैठकका लागि धन्यवाद, छलफल निकै फलदायी रह्यो' भन्दै पोस्ट गर्नुभएको थियो ।

फ्लोरिडाको बैठक त्यतिबेला भएको हो जतिबेला अमेरिका केही दिनअघि मात्रै रुसी तेलमाथि लगाइएका केही प्रतिबन्ध हटाउने निर्णयमा पुगेको थियो । रुसले सन् २०२२ मा युक्रेनमाथि आक्रमण गरेपछि वासिङ्टनले ती प्रतिबन्ध लगाएको थियो । अहिले मध्यपूर्वमा युद्धका कारण ऊर्जा बजार अस्थिर भइरहेका बेला यस्तो निर्णय आएको हो ।

बैठकपछि दिमित्रीभले वासिङ्टनले रुसी तेलको महत्त्व अझ स्पष्ट रूपमा बुझ्न थालेको टिप्पणी गर्नुभएको छ । उहाँका अनुसार दुवै पक्षले द्विपक्षीय सम्बन्ध सुधार गर्ने सम्भावना र विश्व ऊर्जा बजारमा देखिएको सङ्कट समाधान गर्न सक्ने परियोजनाबारे पनि छलफल गरेका छन् ।

टेलिग्राममा लेख्दै उहाँले विश्व अर्थतन्त्रको स्थिरतामा रुसी तेल र ग्यासको महत्त्वपूर्ण भूमिका रहेको धेरै देशहरूले अहिले बुझ्न थालेको उल्लेख गर्नुभयो । साथै रुसविरुद्ध लगाइएका प्रतिबन्धहरू प्रभावकारी नभएको र त्यसले नकारात्मक असर पारिरहेको बुझाइ पनि विस्तारै बढिरहेको उहाँले बताउनुभयो ।

# नेपालमा पाठ्यक्रम विकासको एक झलक

● न्हुछेरत्न बुद्धाचार्य

*"पाठ्यक्रम शिक्षकको हातको एक औजार हो, जसको माध्यमबाट उसले आफ्नो विद्यालयभित्र विद्यार्थीहरूलाई आफ्नो लक्ष्यमा परिवर्तित गर्दछ" - कनिङ्घम*

नेपालको शिक्षा विकासको इतिहास त्यति लामो छैन । हुन त शिक्षा र पाठ्यक्रम विकासको सिलसिलामा केही ऐतिहासिक महत्त्वका बुँदाहरू प्राचीन, मध्य काल र आधुनिक कालको रूपमा प्रस्तुत गर्न सकिन्छ ।

**प्राचीन काल :**

प्राचीन कालमा शासकको झुकाव र विकासअनुरूप नै शिक्षाको पद्धति बन्दथ्यो । खासगरी वेद उपनिषद्मा आधारित शिक्षाको प्रचार प्रसार भएको पाइन्छ ।

नेपालको प्राचीन कालमा मूलतः शिक्षा प्रणाली पुस्तौनी दिमागी हस्तान्तरणमा आधारित थियो । त्यतिबेलाको पाठ्यक्रमको रूप रेखा भन्नु आमा, बाबु र समाजको चिन्तन एवं कार्यशैली थियो । शिक्षाको मुख्य उद्देश्य नै आध्यात्मिक विचारको विकासबाट जनतामा चेतना जगाउनु थियो । पाठ्यक्रममा आधारित पढाइ हुने विषयवस्तुमा संस्कृत भाषा, साहित्य, ज्योतिष शास्त्र र आयुर्वेदिक प्रमुख विषय थियो ।

वैदिक शिक्षामा गुरुकुल, ऋषिकुल, पितृकुलजस्ता शिक्षण प्रणाली भए पनि मुख्य गुरुकुल प्रणाली थियो । वैदिक शिक्षाको पाठ्यक्रममा बाहुनहरूका लागि वैदिक सहिता, वेद वेदाङ्ग, दर्शन, नीतिशास्त्र, ज्योतिष, उपनिषद्, मीमासा, व्याकरण न्याय आदि थिए । व्यावसायिक विषयको रूपमा कर्मकाण्ड प्राणयाम तथा व्यायाम रहेको पाइन्छ । क्षेत्रीहरूलाई धनुषवाण चलाउने सीप, राजनीति, दण्डनीति, अर्थनीति आदिको ज्ञान दिइन्थ्यो भने वैश्यलाई पशुपालन, कृषि र व्यापारमा दक्ष बनाइन्थ्यो ।

प्राचीन शिक्षाको अर्को महत्त्वपूर्ण लक्ष्य सांस्कृतिक विधिको संरक्षणमा टेवा पुऱ्याउनु थियो । त्यसबेला वेद र वैदिक साहित्यको अध्ययन गराइन्थ्यो । यसको प्रभावले शिक्षार्थीहरू प्राचीन सांस्कृतिक संरक्षणमा दत्तचित्त हुने गर्दथे । तत्कालीन शिक्षाको अर्को आदर्श मानिसलाई व्यावहारवादी बनाउनु पनि हो । लोक रचनादेखि लिएर दर्शन, योग धर्मशास्त्रजस्ता विषयहरू तत्कालीन पाठ्यसामग्री भएको बुझिन्छ । पाठ्यक्रममा व्यवहारिक विषयहरू पनि समावेश गरिएका थिए । शिक्षा प्राप्त व्यक्ति व्यवहार कुशल हुनुपर्छ भन्ने त्यसबेलाको धारणा थियो । प्राचीन शिक्षा पद्धतिलाई अगाडि बढाउन अग्रहार विहार मठका अतिरिक्त गोष्ठीहरू प्रख्यात थिए । नक्साल नारायण चउरस्थित अभिलेखमा वेद वेदाङ्ग अध्यापन गर्ने शाखा गोष्ठी भएको पुस्टि हुन्छ ।

प्राचीन कालमा शिक्षाको पाठ्यक्रम पूरा रूपमा धार्मिक ग्रन्थहरूमा आधारित थियो । त्यस बखत नेपालका विभिन्न धार्मिक अनुष्ठानहरूले सामाजिक रीतिरिवाज सामाजिक मूल्य मान्यताको विकास गरे । फलस्वरूप धार्मिक संस्थाहरूले आ-आफ्नो धर्मलाई बढावा दिने खालको शिक्षाको पाठ्यक्रम कार्यान्वयन गरे । यसरी प्राचीन नेपालमा धर्म, दर्शन, कला, औषधि शास्त्र वेद, वेदाङ्ग आदिको शिक्षा दिने चलन रहेको पाइन्छ ।

प्राचीन कालमा दैनिक जीवनसँग घनिष्ट सम्बन्ध राख्ने व्यावसायिक शिक्षामा पनि जोड दिइएको देखिन्छ । यसको लागि प्रमाण स्वरूप कला सूत्र शिक्षा निकै प्रचलनमा थियो । सूत्र शिक्षाको माध्यमबाट कलाकारहरू कलात्मक मूर्तिहरू तयार पार्थे । यसबाहेक मन्दिर र भवनहरू तत्कालीन जीवनमूलक शिक्षाको परिणाम थिए भन्न सकिन्छ ।

**मध्य काल :**

मध्यकालीन समयमा नेपालमा शैक्षिक पाठ्यक्रमले केही मात्रामा विकास हुने मौका पाएको देखिन्छ । तेऱ्हौं शताब्दीमा हरिसिंहदेवले काठमाडौं उपत्यकामा राज्य गरेपछि पनि शिक्षामा हिन्दू धर्मको प्रभाव अझ व्यापक भएको पाइन्छ । मल्ल राजाहरू आफै पनि शिक्षित र विद्वान भएकाले यिनीहरूको शिक्षाप्रति राम्रो सुझाव थियो ।

जयस्थिति मल्लले शिक्षा केन्द्र मन्दिर मठहरूको हेरविचार गर्न गुठीको व्यवस्था गरी शिक्षाको विकासमा जोड दिएका थिए । मध्यकालीन शैक्षिक व्यवस्थालाई हेर्दा बौद्ध धर्म दर्शन, तन्त्रशास्त्र, मूर्तिकला, चित्र लेखन, ग्रन्थ लेखन आदिको राम्रो उन्नति भएको देखिन्छ । शिक्षा प्रदान गर्ने पाठ्यक्रमको रूपरेखाको रूपमा मानव मस्तिष्कमा नै कोरेर कार्यान्वयन गरेको पाइन्छ । त्यसबेलाको पाठ्यक्रमको उद्देश्य भनेको धार्मिक रीतिरिवाज र संस्कृतिको सरक्षण गरी अर्को पुस्तालाई हस्तान्तरण गर्नु रहेको देखिन्छ । शास्त्र, सङ्गीत, दर्शनकला आदि मध्यकालीन शिक्षाका विषय थिए । तापनि जीवनमूलक शिक्षाको रूपमा कलाले नै महत्त्वपूर्ण भूमिका खेलेको भन्न कर लाग्छ ।

चित्रकला र मूर्तिकलामा राम्रो ज्ञान हासिल गर्न शास्त्र पनि अध्ययन गर्नुपर्थ्यो ।

सङ्क्षेपमा भन्नुपर्दा मध्यकालीन शिक्षा दुई भागमा बाँडिएको थियो । पहिलो हो, आध्यामिक र साहित्यिक शिक्षा, सभा धर्म दर्शन, सङ्गीत आदि पर्दथ्यो । दोस्रो हो, जीवनमूलक शिक्षा जसमा जीवन धान्न अपनाइने चित्रकला, मूर्तिकला, वास्तुकला आदि पर्थ्यो । पहिलो प्रकारको शिक्षा आनन्द प्राप्तिका लागि उच्च घरानातिर सम्बन्धित थियो भने दोस्रो प्रकारको शिक्षा तल्लोवर्गको जीवन धान्नेसँग सम्बन्धित थियो । नेपालमा संस्कृत र फारसी शिक्षाको प्रारम्भ भएको पाइन्छ । संस्कृत र फारसी शिक्षाको पठन पाठनको लागि छात्रवृत्तिको बन्दोबस्त गरेको देखिन्छ । यसरी मध्य कालमा शिक्षाको पाठ्यक्रमको विकास भएको थियो ।

**राणा काल :**

नेपालमा सर्वप्रथम सरकारी तवरबाट वि.सं.१९१० मा दरबार स्कूल स्थापना भयो । त्यसपछि संस्कृत पाठ्यशाला, स्रेस्ता पाठशाला, भाषा पाठशाला आदि स्थापना हुन गए ।

राणाहरू जनताको शिक्षाप्रति उदासीन रहे पनि औपचारिक रूपमा विद्यालयको स्थापना र तिनको सामान्य विकासका साथै पाठ्यक्रमको औपचारिक रेखाङ्कनको थालनी भने राणा कालबाट भएको थियो । वि.सं. १९५८ मा देवशमशेरले शासन चलाएपछि शिक्षाको व्यापक प्रचार भयो । विद्यालयमा भाषा पाठ्यपुस्तक पनि निःशुल्क वितरण गरियो । उनकै पालामा पाठ्यक्रममा पनि केही सुधार भएको ऐतिहासिक तथ्यले देखाएको छ । राणा काल तुलनात्मक रूपमा विकास भएको अङ्ग्रेजी शिक्षा व्यवस्थाको थालनी भएको र धर्मशास्त्र र दर्शनको पाठ्यक्रमको विकासका प्रारूपहरू तयार भए । यस बखतसम्म संस्कृत पाठशाला, गुम्बा पाठशालाको पाठ्यक्रम, अङ्ग्रेजी स्कूलको पाठ्यक्रम, भाषा पाठ्यक्रमहरू विकास भएका थिए । वि.सं १९९० को ए.एल.सी. बोर्डको स्थापना भएपछि राष्ट्रिय विशेषता समावेश गरी हाईस्कूल पाठ्यक्रम बन्न पुग्यो ।

चन्द्रशमशेरले ब्रिटिस गोरखामा जाने सैनिकको लागि साक्षरता अनिवार्य गरिएकोले उनको पालामा पहाडी क्षेत्रमा केही विद्यालय खुलेको पाइन्छ । वि.सं. १९७५ मा त्रिचन्द्र कलेजको स्थापना भएको थियो । जयपृथ्वीबहादुर सिंहले तयार पारेको अक्षराङ्क शिक्षा नेपाली भाषाको प्राथमिक शिक्षामा पढाइने पाठ्यपुस्तक थियो । यो पुस्तक नेपाली भाषाको पहिलो पाठ्यपुस्ताकको रूपमा आएको थियो ।

नेपालको शैक्षिक विकासको क्रममा विद्यालय पाठ्यक्रम निरीक्षण व्यवस्थापन गर्न वि.सं. १९९६ मा शिक्षासम्बन्धी पहिलो नियमावली घोषणा गरियो । यो नै पहिलो शिक्षासम्बन्धी कानुन हो ।

**आधुनिक काल :**

२००७ सालको प्रजातन्त्र प्राप्तिपछि जनतामा शिक्षाप्रति देखिएका अभिरुचि र उत्कृष्ट अभिलाषाका कारण शैक्षिक संस्थाहरू धेरै खुले । प्रजातन्त्रपछि देशमा उर्लंदो शिक्षाको लहरका कारण विद्यालयहरू खुल्नका साथै आफ्नै प्रकारका पाठ्यक्रम रहेको पाइन्छ । वि.सं. २०११ सालमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको गठन भयो ।

यो आयोगले २०१२ सालमा नेपालको शिक्षा विकासको लागि विस्तृत सुझाव पेस गर्‍यो । यसै सुझावअनुरूप विभिन्न तहको शिक्षामा पाठ्यक्रमको विकास भएको पाइन्छ । माध्यमिक विद्यालयको पाठ्यक्रममा साधारण शिक्षा व्यावसायिक सीप र रुचिअनुसारको विषयसमेत समावेश गर्नुपर्ने आयोगको सुझाव थियो । पाठ्यक्रम निर्माण गर्ने निकायको रूपमा कलेज अफ एजुकेसनको स्थापना २०१३ को प्रयास पहिलो थियो । नेपालमा सर्वप्रथम आधुनिक किसिमको पाठ्यक्रम बनाउन कार्यान्वयन गर्ने प्रयास गरेको पाइन्छ । शिक्षा मन्त्रालयमा पाठ्यक्रमको छुट्टै एकाइ खोली विद्यालय स्तरको पाठ्यक्रमसम्बन्धी काम गर्न थालियो ।

२०१८ सालमा पाठ्यक्रम एकाइको विकास भएपछि नेपालमा शिक्षाको पाठ्यक्रमले क्रमिक विकास गर्न सङ्केत पाउन थालियो । प्राथमिकको पाठ्यक्रममा सुधार गरी नेपाली भाषा सामाजिक अध्ययन, गणित, कला शिक्षा र व्यावसायिक शिक्षा कायम गरियो । कक्षा ३ देखि ५ सम्म अङ्ग्रेजी भाषा पनि पढाउन थालियो ।

२०१७ सालमा राजनीतिक परिवर्तन भएपछि २०१८ मा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको गठन भयो । यसले माध्यमिक शिक्षाको उद्देश्यमा परिवर्तन गरियो । जसमा माध्यमिकलाई साधारण र बहुउद्देश्यीय गरी दुई प्रकार बनाइयो । योग्य चारित्रिक नागरिकको विकास गर्ने कृषि र स्वास्थ्य क्षेत्रमा कर्मीहरू उत्पादन गर्ने, आर्थिक रूपबाट स्वावलम्बी बन्ने र राष्ट्रिय विकासमा सहयोग पुऱ्याउन जनशक्तिको उत्पादन गर्ने उद्देश्य राखेर माध्यमिक पाठ्यक्रमबाट शिक्षा दिने सिफारिस गरियो । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले विद्यालय तहको पाठ्यक्रम निर्माण गर्न २०२८ सालमा शिक्षा मन्त्रालयअन्तर्गत पाठ्यक्रम विकास केन्द्रको स्थापना गरियो ।

२०४६ सालपछि शिक्षा नीतिलाई समयानुकूल बनाउन एउटा शिक्षा आयोगको गठन गरियो । उक्त आयोगले आफ्नो सुझाव पेस गरिसकेको छ । जसअनुसार प्राथमिक शिक्षा आयोगको उद्देश्यलाई बालकेन्द्रित गरी बालबालिकामा अन्तर्निहित क्षमताको विकास गर्नु थियो । प्राथमिक शिक्षादेखि उच्च शिक्षासम्मका सबै तहका शिक्षाका पाठ्यक्रमहरू पुनःनिर्माण गरिए ।

२०४९ सालपछि आधारभूत प्राथमिक शिक्षा परियोजनाले प्राथमिक तहको पाठ्यक्रम निर्माण गर्‍यो । २०५९ ले देशका सबै विद्यालयले शिक्षा मन्त्रालयबाट स्वीकृत पाठ्यपुस्तक प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ ।

त्यस्तै निम्न माध्यमिक शिक्षाको उद्देश्य कामप्रति सकारात्मक भावना भएका, राष्ट्र र प्रजातन्त्रप्रति आस्थावान तथा नेपाली भाषा, गणित र विज्ञान विषय उपयुक्त स्तरको ज्ञान भएको चरित्रवान् नागरिक तयार पार्नु रहेको छ ।

माध्यमिक शिक्षाको उद्देश्यमा भाषिक व्यवहारमा सक्षम सृजनशील, स्वावलम्बी, उद्यमशील नागरिक तयार गर्नु मुख्य मानिएको छ । यसरी पाठ्यक्रम निर्माण गर्दा देशको शैक्षिक तथा सामाजिक जीवन दर्शन समकालीन समाजका आवश्यकताहरू सिकाइ प्रक्रिया एवम् विषयवस्तु तथा ज्ञानको प्रकृतिसमेतलाई विचार गरी बालकको सिकाइसम्बन्धी आवश्यकताहरूको निदान गरिन्छ । सिकाइ आवश्यकताहरूको छनौट गरिसकेपछि त्यसैअनुरूप उद्देश्यहरूको निर्माण र विषयवस्तुको छनौट गरिन्छ । यसै क्रममा अभिभावक, शिक्षक, शिक्षाविद् आदिसँग छलफल र राय सङ्कलनसमेत गरिएको हुन्छ ।

यो सबै प्रक्रियाहरू पूरा गरी पाठ्यक्रम विकास केन्द्रबाट मस्यौदा भएको पाठ्यक्रमलाई राष्ट्रिय परिषद्ले निर्णयअनुसार लागू गरिन्छ ।

**सन्दर्भ सामग्री**

१) Ancient Nepal -D.R. Regmi
२) नेपालको शिक्षा सेवा दिग्दर्शन : चण्डी कार्की
३) शिक्षाको आधार : डा. मनप्रसाद वाग्ले
४) नेपालको शैक्षिक इतिहास : गोपीनाथ शर्मा
५) माध्यमिक शिक्षा दिग्दर्शन : विष्णुप्रसाद अधिकारी

# मध्यपूर्व युद्ध र नेपालमा पर्नसक्ने आर्थिक प्रभाव

- रिसव गौतम

काठमाडौँ । पश्चिम एसियाको इस्लामिक गणतान्त्रिक देश इरानमा फेब्रुअरी २८, २०२६ का दिनबाट सुरु भएको युद्धको क्रममा अहिलेसम्म एक हजार २५० भन्दा बढी मानिसले ज्यान गुमाइसकेका छन् ।

अन्तर्राष्ट्रिय समाचार संस्था एलजजीरा न्युजले मार्च ९ मा प्रकाशित गरेको समाचारअनुसार अमेरिका, इजरायल र इरानबिच भएको युद्धका क्रममा सोमबारसम्म एक हजार २५० जनाको मृत्यु भएको उल्लेख छ । युद्ध इरान र इजरायलमा मात्र सीमित नरहेर खाडीका सबैजसो देशहरूमा फैलिसकेको छ । मध्यपूर्वमा फैलिएको युद्धलाई लिएर अहिले विश्वभर चिन्ता बढिरहेको छ । खासगरी अन्तर्राष्ट्रिय बजारमा कच्चा तेल तथा प्राकृतिक ग्यासको भाउ बढ्दा अरु सबै उपभोग्य वस्तुहरूमा महँगी बढ्न थालेको छ ।

युद्ध सुरु भएको पहिलो दिनमै धार्मिक कट्टरपन्थी तथा इरानका सर्वोच्च नेता आयोतुल्लाह अलि खामेनीसहित इरानका ४० वरिष्ठ अधिकारीहरू मारिएका थिए । अहङ्कारी तथा युद्धको पक्षपोषक भनेर चिनिए पनि कुनै अर्को देशको आन्तरिक मामलामा हस्तक्षेप गरेर राष्ट्र प्रमुखलाई नै हत्या गरिएपछि त्यसको विश्वभर अनेक टिप्पणी भइरहेका छन् ।

खासगरी उदयीमान तथा अमेरिकापछिको शक्तिशाली देश चीन तथा रसियाले त्यसको कडा आलोचना गरेका छन् । यद्यपि, आलोचना शान्ति भडकाउने नभई कूटनीतिक एवं सौम्य देखिन्छ । उनीहरूले सो युद्धमा आफैँ सहभागी हुने गरी चेतावनी भने दिएका छैनन् । भारत तथा चीनलगायत देशहरू मध्यपूर्वमा भएको युद्धमा सहभागी देशहरूलाई सम्झाउने र वार्तामार्फत हल गर्ने भूमिकामा छन् ।

इरानमाथि इजरायल तथा अमेरिकाले कडा सैन्य कारबाही थालेपछि त्यसको बाछिटा साउदी अरेयिबा, संयुक्त अरब इमिरेटस्, कतार, बहराइन, कुबेत र जोर्डनसम्म फैलिएको छ । खासगरी ती देशहरूमा रहेका अमेरिकी सैन्य अड्डाहरूमा इरानले हमला गरेको समाचार छ । इजरायल तथा इरानबिचको द्वन्द्वमा अहिले लेबलान, अमेरिका, साउदी अरेबिया, संयुक्त अरब इमिरेटस्, कतार, बहराइन, कुबेत र जोर्डन गरी १० वटा देश प्रत्यक्ष रूपमा प्रभावित छन् ।

खासगरी इरानले घुँडा नटेकी, सत्ता परिवर्तन नभई तथा आणविक भट्टीहरू ध्वस्त नगरी युद्ध नछोड्ने खालका सङ्केत अमेरिकी राष्ट्रपतिले दिइसकेका छन् । उनले युद्ध अझै केही दिनसम्म लम्बिनसक्ने सङ्केत गरेका छन् ।

संसारमा अहिले साना तथा गरिब देशहरू युद्धबाट बढी प्रताडित छन् । एकातिर युद्धका कारण धनी देशहरूबाट उनीहरूले पाइरहेका अनुदान तथा सहयोग घटिरहेको छ भने अर्कोतिर व्यापक महँगी, अभाव र विश्वव्यापी आर्थिक असन्तुलनको मार उनीहरूले खेपिरहेका छन् ।

त्यसमाथि यस्ता खालका क्षेत्रीय तथा विश्व युद्धहरूमा गरिब तथा विपन्न देशका मानिसहरू युद्धमा प्रयोग भइरहेका छन् । व्यापक आर्थिक प्रलोभन र प्रभावमा धनी देशका युद्ध उन्मादको शिकार भइरहेका छन् । जस्तो विगत चार वर्षयतादेखि चलिरहेको रुस र युक्रेन युद्धमा सहभागी थुप्रै नेपालीले अकालमै ज्यान गुमाएका छन् । नेपाली मात्र होइन, कैयौँ त्यस्ता गरिब देशका नागरिकहरू युद्धमा सिपाही भएर होमिएका छन् । मारिने उनीहरू नै बढ्ता छन् । धनी देशहरूको पैसामात्र मरिरहेको छ तर युद्ध र अशान्तिमा मारिनेहरू पनि गरिबहरू नै धेरै छन् ।

इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर (आईआरसी) ले जनाएअनुसार उसको 'टुथफुल प्रोसिस ४' अभियानअन्तर्गत अमेरिका इजरायल आक्रमणको प्रतिकारस्वरूप खाडी देशहरूमा रहेका अमेरिकी सैन्य अड्डा र सम्पत्तिमाथि प्रहार गरिएको छ ।

अमेरिका तथा इजरायलको लगातारको प्रहारपछि आत्मरक्षाका लागि सबै सैन्य उपायहरूको प्रयोग गरिएको इरानी विदेश मन्त्रालयको दाबी छ । युद्ध रोकिने वा रोक्नेभन्दा चर्कने तथा चर्काउने खालका गतिविधिहरू व्यापक भइरहेका छन् । यसले विश्वव्यापी रूपमा गरिब तथा श्रम निर्यातक देशहरू बढी प्रताडित हुने देखिएको छ ।

**नेपाललाई असर**

विश्वव्यापी महँगी, अभाव तथा आर्थिक असन्तुलनमा मध्यपूर्वको युद्धले कुन हदसम्म असर गर्ने हो यकिन छैन । खासगरी नेपालजस्ता श्रम निर्यातक देशहरू त्यसको प्रत्यक्ष मारमा पर्ने देखिन्छ । अहिले नै संयुक्त अबर इमिरेट्समा कार्यरत एक नेपालीले त्यहाँको अन्तर्राष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्ने क्रममा ज्यान गुमाइसकेका छन् । भोलिका दिनमा त्यस्ता घटनाहरू नदोहोरिएला भन्न सकिन्न ।

यदि कथंकदाचित युद्ध लम्बिँदै गयो र ती देशहरू पनि युद्धमा सहभागी हुन थाले भने खाडीमा कार्यरत धेरै नेपालीले रोजगारीसमेत गुमाउनुपर्ने अवस्था सिर्जना हुनसक्छ । खाडी देशहरूमा १९ लाख हाराहारी नेपाली रोजगार छन् । उनीहरूले पठाएको रेमिट्यान्सको कारण देशको अर्थतन्त्र चलिरहेको छ । नेपालमा पछिल्ला दशक जे जति गरिबी घटेको छ, जे जति आर्थिक उन्नति भएको छ, त्यसमा खाडीमा कार्यरत नेपालीहरूको योगदान धेरै छ । अहिले नेपालमा वार्षिक १७ खर्ब रेमिट्यान्स भित्रन थालेको छ । त्यसमा ५० प्रतिशत ज्यादा खाडीमा पसिना बगाउनेहरूको योगदान रहेको छ । त्यसकारण, मध्यपूर्वमा युद्ध फैलँदा र त्यो लामो समयसम्म जारी रहने अवस्था रहँदा त्यसको असर नेपालीको भान्सासम्म आइपुग्ने निश्चित छ ।

फेरि युद्धको प्रकृति बढो डरलाग्दो पनि हुन्छ । युद्ध सुरु हुन गाऱ्हो हो, फैलन गाऱ्हो हुन्न । फेरि युद्ध नशा पनि हो, एकाथरी बलशाली एवं शासक देशहरूका लागि । ती देशहरूको ध्यान आणविक भट्टी, हतियार, आधुनिक हतियारहरू, बम तथा बारुद बनाउनेमा केन्द्रित रहने गर्दछ । त्यसकारण, युद्ध न सजिलै सुरु हुन्छ न त सजिलै बिदा हुन्छ । यो तथ्यलाई बुझी हाम्रोजस्तो विपन्न देशहरूले कदम चाल्नुपर्छ ।

युद्धमा कसैको पनि पक्षधरता लिन जायज छैन । बरु शान्तिका लागि सकेको प्रयास गर्न सकिन्छ । त्यसभन्दा बढी आफ्ना नागरिकहरू जो खाडीमा अथवा परदेशमा अथवा घरदेशमा छन्, तिनको रोजगारी, जिउ धनको सुरक्षा कसरी गर्न सकिन्छ, त्यसतर्फ हालै चुनावमार्फत नयाँ जनादेश पाएर बन्दै गरेको नयाँ सरकारले ख्याल गर्न जरुरी छ ।

खासगरी खाडीमा मडारिएको युद्धले विश्वयुद्धको रूप नलिओस् । त्यसैको कामना हाम्रो जस्तो देशले गर्न जरुरी छ । मूलतः चीन तथा अमेरिका गरी दुई ध्रुव्रमा उन्मुख विश्व व्यवस्थामा चीनले शान्तिको लिक नछोडेसम्म क्षेत्रीय युद्धहरू भइरहे पनि विश्वयुद्ध हुने सम्भावना कम छ । यी देशहरूमा फैलने र चर्कने युद्धले त्यहाँ कार्यरत श्रमशक्तिहरूलाई मात्र असर गर्दैन । युद्ध जारी रहेको अवस्थामा कच्चा तेलको निर्यातमा ठुलो गिरावट आउँदा हाम्रोजस्तो इन्धनसहित धेरै कुरामा परनिर्भर देशहरूका लागि कठिनाइ पर्नेछ । अहिले नै इरानले साउदी अरेबियाको सबैभन्दा ठुलो कम्पनी 'साउदी आराम्को' को रिफाइनरीमा हमला गर्दा सो रिफाइनरी बन्द भएको छ । त्यहाँ रहेका सबैभन्दा ठुला तेल डिपोहरूसमेत युद्धमा खरानी भएका समाचारमा आएका छन् ।

इरानमा युद्ध चर्कंदै गएपछि विश्व बजारमा कच्चा तेल र प्राकृतिक ग्यासको मूल्यसमेत अचाक्ली बढिसकेको छ । गत सोमबार (मार्च ९) तारिखमा नै कच्चा तेलको मूल्यमा २४ प्रतिशत वृद्धि भई अन्तर्राष्ट्रिय बजारमा प्रतिब्यारेल ११५ डलर माथि पुगेको छ । दैनिक करिब १६ लाख ब्यारेल तेल निर्यात गर्ने इरानले निर्यात प्रभावित हुँदा विश्व अर्थतन्त्रमै असर गर्ने देखिन्छ । त्यसको बाछिटा नेपालजस्तो परनिर्भर देशहरूमा झन् बढी पर्नेछ । विश्लेषकहरूले नै तेलको मूल्य लामो समयसम्म १०० डलरभन्दा माथि रहँदा विश्व अर्थतन्त्रमा गम्भीर दबाब पर्ने बताएका छन् । यस्तो अवस्थामा सबै उद्देश्य पूरा नहुँदासम्म युद्ध कायम रहने अमेरिकी राष्ट्रपतिले बताएका छन् ।

देशलाई आत्मनिर्भर नबनाई स्वदेशमै युवालाई रोजगारी र आर्थिक अवसर सिर्जना नगरी भूमण्डलीकृत विश्वमा नेपालजस्ता देशहरूले यस्ता घटनाहरूको प्रताडना खेप्नुको कुनै गुन्जायस छैन । युद्धका असरहरू बहुआयामिक छन् । जति धनीहरूलाई असर छ, त्योभन्दा कैयौँ गुणा असर गरिब देशलाई पर्दछ । यस युद्धले नेपालको आर्थिक तथा सामाजिक अवस्थामा नै असर गर्ने देखिन्छ । युद्ध सुरु भएयता नेपालकै पनि अनगिन्ती अन्तर्राष्ट्रिय अडान रद्ध भएका छन् । मध्यपूर्वको युद्धले हाम्रोजस्तो श्रम निर्यातक एवं रेमिट्यान्समा निर्भर देशहरूलाई ठुलै झड्का लाग्ने सम्भावना छ । यसतर्फ सरकारले बढो सतर्कताका साथ आफ्ना नागरिकको सुरक्षा तथा उनीहरूको रोजगारीको सुनिश्चितताका लागि विशेष योजना र नीति अख्तियार गर्नुपर्ने समय आएको छ । *रासस*

# शिक्षक राचजलको निधनमा प्रभातमा श्रद्धाञ्जली सभा

भक्तपुर, २९ फागुन । प्रभात सेकेन्डरी स्कूलका संस्थापक सदस्य, शिक्षक एवम् विद्यालय व्यवस्थापन समितिका सदस्य विष्णुभक्त राजचलको निधनमा बिहीबार विद्यालयले श्रद्धाञ्जली सभा गऱ्यो ।

सभामा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले देश र जनताको सेवामा लाग्नेहरूले अडान फेर्न नहुने उल्लेख गर्दै राणा शासनविरूद्ध जीवन बलिदान दिने सहिदहरूको साहसबाट सिक्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, "विद्यालयका संस्थापक, शिक्षक एवम् प्रधानाध्यापक विष्णुभक्त राजचलले निर्दलीय पञ्चायती व्यवस्थाविरूद्ध जेलनेल भोग्नुभएबाट हामीले पनि प्रेरणा लिनु आवश्यक छ ।"

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुवालले नयाँ पुस्तालाई देश र जनताको नि:स्वार्थ सेवा गर्ने शिक्षा दिनुपर्नेमा जोड दिनुभयो ।

सभामा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू सृजना सैंजू, लक्ष्मीभक्त लासिवा, बालमुकुन्द बासुकला र विद्यालयका प्रिन्सिपल बदनकेशरी प्रजापतिले शिक्षक राचजलले विद्यालयको प्रगतिमा निर्वाह गर्नुभएको भूमिका एवम् उहाँको योगदानबारे बोल्नुभएको थियो ।

**निगमले...**

यहाँ पनि पेट्रोलियम पदार्थ भारतबाटै आयात हुने हो । नेपाल आयल निगम (एनओसी) ले यहाँ आवश्यक हुने पेट्रोलियम पदार्थ भारत सरकारको स्वामित्व भएको इन्डियन आयल कर्पोरेसन (आईओसी) बाट ल्याउँछ ।

अमेरिका र इजरायलले संयुक्त रूपमा इरानमा हमला बढाएपछि तेलमार्गको रूपमा चिनिने होर्मुज मार्गमा केही समयदेखि अवरोध देखिएको छ । इरानका तेल प्रशोधन क्षेत्रमा समेत हमला भइरहेको खबर बाहिरिएपछि विश्वभर पेट्रोलियम पदार्थको भाउ बढिरहेको छ ।

यसकारण पेट्रोल, डिजेल र ग्यासको माग तथा खपत पनि बढिरहेको छ ।

होर्मुज मार्ग हुँदै बिहीबार भारतमा साउदी कच्चा तेल भने आइपुगेको द हिन्दुले उल्लेख गरेको छ । भारतले अहिले एलपी ग्यास विशेषगरी साउदी अरेबिया, युएई र कतारबाट ल्याउने गर्छ । भारत आयात हुने ९० प्रशित एलपी ग्यास यी क्षेत्रबाट आउँछन् ।

केही समयअघि मात्रै भारतले अमेरिकाको गल्फकोस्टबाट ल्याउने सहमति गरिसकेको छ भने नर्वेबाट समेत ग्यास ल्याउने पहल थालिरहको समाचारहरूमा बताइएको छ ।

**जनतालाई...**

कलेजले राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलन गर्नेमा जोड दिँदै जाने उल्लेख गर्दै उहाँले शैक्षिक संस्थाहरूले सचेत र देशभक्त नागरिक उत्पादनमा ध्यान दिनुपर्ने बताउनुभयो ।

नेमकिपा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले विद्यार्थीहरूमाझ किताबी ज्ञानसँगसँगै आलोचनात्मक दृष्टिकोणको विषयमा पनि छलफल आवश्यक भएको र राजनैतिक नैतिकतामा सङ्कट आउनुमा विद्यालय शिक्षाको पनि दोष रहेको बताउनुभयो ।

"देशलाई राम्रो गर्ने या नगर्ने भन्ने कुरा सत्तासीन दलका नेताहरू र राजनीतिक नेतृत्वमा भरपर्छ" उहाँले भन्नुभयो ।

राजनीति नीति निर्माण गर्ने क्षेत्र भएकोले राजनीतिमा इमानदारी र नैतिकता महत्त्वपूर्ण हुने धारणा राख्दै उहाँले पपुलिजमको लहरले नेपालको राजनीति नै सङ्कटमा परेको र नेपाल पनि पपुलिजमको सिकार हुँदै गइरहेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

संरा अमेरिकी साम्राज्यवाद आक्रमक ढङ्गले प्रस्तुत भइरहेको बताउँदै उहाँले त्यसको विरोधमा भियतनामी जनताले लडेको वीरतापूर्ण इतिहासबाट नेपालले पनि पाठ सिक्नुपर्नेमा जोड दिनुभयो ।

वाग्मती प्रदेश सभा सदस्य सृजना सैंजुले शैक्षिक, सामाजिक, राजनीतिक रूपमा महिलाहरूको अग्रसरता नेपाली समाजमा पनि उल्लेखनीय रहँदै आएको बताउनुभयो ।

बलात्कार जस्तोजघन्य अपराध गर्नेलाई मृत्युदण्डको सजायको बन्दोबस्त हुनुपर्ने र ढिलो न्याय दिनु पनि अन्याय भएको उहाँले बताउनुभयो ।

समाजका बेथितिहरूविरुद्ध लड्ने शिक्षा आजको आवश्यकता भएको चर्चा गर्दै उहाँले अर्थतन्त्रसँग जोडिएको शिक्षालाई विशेष जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् बागीश्वरी मावि व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा वागीश्वरी माविका प्रअ कृष्णप्रसाद कर्माचार्य, वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छा र वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा वार्षिकोत्सव समारोह समितिका संयोजक ज्ञानेन्द्र श्रेष्ठले स्वागत मन्तव्य र विद्यार्थी प्रतिनिधि तुल्सीराम दुवाल, वागीश्वरी मावि विद्यार्थी हित समितिका निशा थापाले शुभकामना मन्तव्य राख्नुभयो भने शिक्षक मङ्गलेश्वर ध्वजूले पनि बोल्नुभएको थियो ।


## हार्दिक समवेदना



यस बालाखु गणेश सांस्कृतिक समूहका सदस्य **शेरबहादुर घटुवा**को असामयिक निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**जन्म** : २०१९।११।१५
**निधन** : २०८२।११।२३

**बालाखु गणेश सांस्कृतिक समूह**
ब्यासी, भक्तपुर-२

## हार्दिक समवेदना



**जन्म** २०१९।११।१५
**निधन** २०८२।११।२३

हाम्रा आत्मीय मित्र सरोज घटुवाका पूजनीय पिता **शेरबहादुर घटुवा**को असामयिक निधन भएको आज सातौं दिन (न्हेनुमा)को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

रामसुन्दर सुजखु
दिव्यलक्ष्मी बज्राचार्य
बासुकृष्ण गोसाई
पवन चवाल
सत्यराम उलक
निर्मला लिवी

## हार्दिक समवेदना



यस जय भिमसेन बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष दशबहादुर मानन्धरकी ममतामयी माता एवं संस्थाका ज्येष्ठ सदस्य **वसतमाया मानन्धर**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

**जन्म** : २००१।०१।०२
**निधन** : २०८२।११।१८

**जय भिमसेन बचत तथा ऋण सहकारी संस्था लि.**
गोल्मढी-७, भक्तपुर

## हार्दिक समवेदना



**जन्म** २०४०/०६/१३
**निधन** २०८२/११/२३

शक्तिप्रसाद सुवाल

यस संस्थाको संस्थापक शेयर होल्डर **शक्तिप्रसाद सुवाल**को असामयिक निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**ड फिटनेस टेम्पल**
कमलविनायक, भक्तपुर

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौँ ।

### ज्येष्ठ सदस्य सम्मान कार्यक्रमसम्बन्धी सूचना

**२०८२ वैशाखदेखि चैत्र मसान्तसम्ममा ७० वर्ष पुगेका यस संस्थाका ज्येष्ठ सदस्य एवं बचतकर्ताहरुलाई लक्षित गरी निम्न मिति, समय र स्थानमा हुने ज्येष्ठ सदस्य सम्मान कार्यक्रममा उपस्थित हुन सम्बन्धित सम्पूर्ण ज्येष्ठ सदस्यहरुलाई अनुरोध गरिएको छ ।**

ज्येष्ठ सदस्य सम्मान कार्यक्रम



**मिति** : २०८२/१२/१४ गते, शनिबार
**समय** : बिहान ११:४५ बजेदेखि
**स्थान** : संस्थाको तालिम हल, खँचा

सञ्चालक समिति

***पुनश्च : सोही दिन बिहान १० बजेदेखि ज्येष्ठ सदस्यहरुलाई सामान्य स्वास्थ्य परीक्षणका साथै औषधि पनि वितरण हुने जानकारी गराइन्छ ।***

### संस्थाको ऋण सुविधा उपयोग गरौं

**आकस्मिक व्यवसायिक ऋण**

वार्षिक ६.५% ब्याजदरमा



- व्यवसाय सुरू तथा विस्तार गर्न ।
- चालु व्यवसायमा थप पुँजी लगानी गर्न ।
- हाललाई अधिकतम **दुई करोड**सम्मको लगानी ।

* सर्तहरू लागू हुनेछ ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

## हार्दिक समवेदना



**जन्म** २०१९/११/१५
**निधन** २०८२/११/२३

हाम्रा आत्मीय मित्र सरोज घटुवाका पूजनीय पिता **शेरबहादुर घटुवा**को दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

### साथीहरू

| | | | | |
|---|---|---|---|---|
| दिलिपकुमार सुवाल | आशभक्त वंशमणी | कपिल ह्यौंमिखा | बिटु पोडे | राजाराम गाईजु |
| राम सुवाल | प्रेमकृष्ण माक | बद्रिनाथ बनमाला | राधेश्याम मचामसी | कृष्णप्रसाद त्वायना |
| सीताराम सुवाल | विश्वराम कोजु | रमिता तमखु | ईश्वर श्रेष्ठ | सविन देउला |
| रामकृष्ण प्रजापति | राजेन्द्र कोजु | रामसुन्दर कोजु | मिनप्रसाद पोडे | सुन्दर ब्याञ्जु |
| हरिकृष्ण तुल्सीबाख्यो | रविन कोजु | पुण्यराम सुवाल | ज्ञानेन्द्र सुवाल | सलिम देउला |
| रामशरण त्वाती | राजन गाईजु | अजय देउला | लक्ष्मीप्रसाद खोजु | पुरुषोत्तम कवाँ |
| भरत अवाल | बलराम प्रजापति | धनेश्वरी प्रजापति | लक्ष्मीप्रसाद दुमरु | दिनेश पोडे |
| दिलिपनारायण श्रेष्ठ | अर्जुन कपाली | कमला देउला | आशराम नागाजु | राजेश भैनात्व |
| आशराम सुवाल | दयाराम गोसाई | सानुछोरी पोडे | न्हुछेकुमार कोजु | राधेश्याम वैद्य |
| पुरुषोत्तम डाखुसिं | राजकुमार सुवाल | ईश्वरीमैया लाखा | पूर्णभक्त बोहजु | केदार दुवाल |
| विष्णुभक्त सुवाल | बिक्रम गाईजु | सविन गोर्खाली | राजकुमार दुवाल | तुल्सीराम हेंगोजु |
| अजय फसिकव | साजन कासिछ्वा | साजन कपाली | राजेन्द्रमान उलक | लक्ष्मीसुन्दर हेंगोजु |


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा